मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

२६ Purwanchal National Daily

◆ वर्ष : २६ ◆ अङ्क : १२९ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७७ चैत १४ गते शनिवार (Saturday, March 27. 2021) नेपाल सम्वत् ११४१ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भा.रु. : ४/-

सूचना

लैङ्गिक हिंसाको अन्त्य,
समृद्ध नेपालको गन्तव्य

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग

## पूर्वीनाकामा उच्च सतर्कता




**काँकरभिट्टा, चैत १३।** भारतका विभिन्न शहरमा कोरोना भाइरसको संक्रमण पुनः तीव्ररुपमा फैलिएपछि नेपालको सीमावर्ती क्षेत्रमा सुरक्षा सतर्कता बढाइएको छ । भारतसँग सीमा जोडिएको मेचीनगर नगरपालिकाले नेपालतर्फ यसको संक्रमण नफैलियोस् भन्ने उद्देश्यले सतर्कताका लागि विभिन्न निर्णय गरेको हो ।

मेचीनगर नगरपालिकाको कोभिड-१९ रोकथाम नियन्त्रण व्यवस्थापन समितिको विहीवार बसेको बैठकले नगरपालिकाले यसअघि सीमानाकामा सञ्चालनमा ल्याएको हेल्थ डेक्सलाई थप प्रभावकारी रुपमा सञ्चालन गर्ने तथा संक्रमणलाई मध्यनजर गर्दै होली पर्वमा भीडभाड नगर्ने, साविक सञ्चालनमा आएका क्वारेन्टाइन, आइसोलेसन केन्द्रहरुलाई तयारी अवस्थामा राख्ने, स्वास्थ्य केन्द्रबाट प्रवाह हुने सेवालाई अझ प्रभावकारी बनाउनेलगायतका निर्णय गरेको नगरपालिकाका प्रेस संयोजक लक्ष्मी उप्रेतीले बताए ।

नगरप्रमुख तथा समितिका संयोजक विमल आचार्यको सभापतित्वमा सम्पन्न बैठकले कोभिड १९ संक्रमणका लागि सरकारी, गैरसरकारी,

(बाँकी अन्तिम पृष्ठमा)

## सार्वजनिक यातायातमा मास्क अनिवार्य

**झापा, चैत १३।** कोभिड-१९को सङ्क्रमणलाई ध्यानमा राख्दै सार्वजनिक यातायातमा कडाइ गरिने भएको छ ।

पछिल्लो समय नेपालमा कोरोना सङ्क्रमणको दरमा बृद्धि भएको भन्दै रोकथाम तथा नियन्त्रणका लागि काठमाडौंमा सार्वजनिक यातायातमा मास्कको प्रयोगलाई अनिवार्य गर्न लागिएको हो ।

जिल्ला प्रशासन कार्यालय काठमाडौंका प्रमुख जिल्ला अधिकारी, यातायात व्यवस्था विभाग, ट्राफिक प्रहरी, यातायात व्यवसायी र यातायात मजदुरबीच भएको छलफलमा सार्वजनिक यातायातमा मास्कको प्रयोग अनिवार्य गर्ने निर्णय भएको हो ।

सार्वजनिक यातायातमा मास्क नलगाउने यात्रु तथा क्षमताभन्दा बढी यात्रु बोक्ने सवारीसाधनलाई कारबाही गर्ने निर्णय गरिएको प्रमुख जिल्ला अधिकारी कालीप्रसाद

(बाँकी अन्तिम पृष्ठमा)

# पश्चिम बंगालमा चुनाव

### भाजपा र तृणमुल कांग्रेसबीच कडा भिडन्त, दार्जीलिङ, कालिम्पोङ र खरसाङमा चुनावी माहौल तात्यो

पार्थ मण्डल

**झापा, चैत १३।** पूर्वी नेपालको झापा र इलामसँग जोडिएको छिमेकी राष्ट्र भारतको पश्चिम बङ्गालमा विधानसभा निर्वाचनको माहौल तातिएको छ ।

पश्चिम बङ्गालको कूल २९४ सिटका लागि आठ चरणमा हुने मतदानको माहोल तातिएको हो । मार्च २७देखि अप्रिल १, ६, १०, १७, २२, २६ र २९ तारिखसम्म मतदानको मिति तोकिएको छ । मत परिणाम मे २ तारिख सार्वजनिक गर्ने त्यहाँको निर्वाचन आयोगले जनाएको छ । विधानसभा निर्वाचनले पश्चिम बङ्गाल राज्य सरकार नेतृत्वको छिनोफानो गर्नेछ ।

आयोगले विधानसभा निर्वाचनको मिति सार्वजनिक गरेसँगै राज्य सरकारको नेतृत्वमा रहेकी अल इण्डिया तृणमुल कांग्रेसकी (टिएमसी) मुख्यमन्त्री ममता बनर्जी र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको भारतीय जनता पार्टी (भाजपा) बीच कडा टक्कर हुने त्यहाँका राजनीतिक विश्लेषकहरूले अनुमान गरेका छन् । सन् २०१६को विधानसभा निर्वाचनमा तृणमुल कांग्रेसले २९४ सिटमध्ये २११ सिट जितेर बहुमतको सरकार गठन गरेको थियो । त्यस निर्वाचनमा भाजपाले ३ सिट मात्र जितेको थियो । राहुल गान्धीको कांग्रेसले ४४ सिट र मार्क्सवादी कम्युनिस्ट पार्टी (सिपीएम)ले २६ सिट जितेका थिए ।

त्यसबेला पश्चिम बङ्गालमा प्रधानमन्त्री मोदीको भाजपा कमजोर थियो । त्यसपछि प्रधानमन्त्री मोदीले बङ्गालमा युवावर्गलाई मोदीमय बनाउँदै सन् २०१९को लोकसभामा ४२ सिटमध्ये १८ सिटमा जित दर्ता गरे । तृणमुल कांग्रेसकी नेतृ बनर्जीले २२ र राहुलको कांग्रेसले २ सिट जितेका थिए । लोकसभा निर्वाचनको मत परिणामपछि बङ्गालमा भाजपाको पकड राम्रो बन्दै गयो । १८ सिट भाजपाले जितेपछि तृणमुल कांग्रेसकी नेतृ बनर्जी त्यस बेला आत्तिइन् । त्यसैको फलस्वरूप यसपटकको विधानसभा निर्वाचनमा मुख्यमन्त्री समेत रहेकी बनर्जी अरू पार्टीभन्दा पनि भाजपालाई रोक्ने योजनामा लागीपरेकी छन् ।

**बनर्जीको रणनीतिमा मोदीको भाजपा**

कुनै बेला पश्चिम बंगालमा मार्क्सवादी कम्युनिस्ट पार्टी (सिपीएम)को एकछत्र राज थियो । सिपीएमले ३४ वर्ष बङ्गालमा





एकछत्र शासन चलाएको इतिहास छ । सिपीएमका संस्थापक सदस्य समेत रहेका पोलिटब्युरो सदस्य ज्योति बसुले २३ वर्ष मुख्यमन्त्री भएर बङ्गालमा शासन चलाएका थिए । त्यसपछि बसुले आफ्नै पार्टीका पोलिटब्युरो सदस्य बुद्धदेव भट्टाचार्यलाई पालो दिएका थिए ।

भट्टाचार्य बङ्गालमा ११ वर्ष मुख्यमन्त्री भए । २००७ सालमा किसान आन्दोलनको मुद्दा उठाएको तृणमुल कांग्रेसकी ममता बनर्जीले सन् २०११मा सत्तामा पुगेर वामपन्थीको यात्रामा रोक लगाइन् । वर्षौंदेखि वामपन्थी (सिपीएम)को लाल किल्ला मानिने 'जंगलमहल' (पुरुलिया, बांकुरा, झारग्राम, विष्णुपुर, वीरभूम, पश्चिम मेदिनीपुर) मा सन् २०११ देखि नै बनर्जीको तृणमुल कांग्रेसले शासन चलाउन थाल्यो ।

ममता बनर्जीले 'जंगलमहल'को शक्ति हासिल गर्न रोजेका बाटो अब भाजपाले पछ्याइरहेको छ । ममताले 'जंगलमहल' कब्जामा लिन त्यहाँ विकासको मुद्दा उठाएर वामपन्थीको किल्ला तोडेकी थिइन् । वामपन्थीले शासन मात्र चलाउने, तर त्यहाँका मानिसलाई कुनै सुविधा दिएनन् । त्यसको फाइदा बनर्जीले उठाएर सत्ता कब्जा गर्‍यो । र सत्तामा पुगेपछि बनर्जीले त्यहाँ विकासको लहर ल्याएर सबैको मन जित्यो । भाजपाले पनि अहिले यस्तै मुद्दा त्यहाँ उठाइरहेको छ ।

२०१४देखि नै भाजपाले जंगलमहलमा कब्जा जमाउने रणनीति बनाएर अघि बढे । फलस्वरूप २०१९को लोकसभामा भाजपाले पुरुलिया, बंकुरा, विष्णुपुर, मेदिनीपुर र झारग्राम सिट जित्यो । भाजपाले अहिले त्यहाँ भ्रष्टाचार र रोजगारीको मुद्दा उठाएर निर्वाचनको प्रचारप्रसार गरिरहेका छन् । बनर्जीको तृणमुल काँग्रेसले विकासको लहर ल्याए पनि भ्रष्टाचारको अन्त्य र रोजगारी दिन सकेनन् । जंगलमहलमा विधान सभाका लागि ४४ सिट छन् । जिल्ला बाँकुरामा १२, पुरुलियामा ९, पश्चिम मेदिनीपुरमा १९ र झारग्राममा ४ सिट समावेश छ ।

**बंगाल निर्वाचनमा नन्दीग्रामको भूमिका**

बङ्गाल राजनीतिको परिवर्तन नन्दीग्रामबाट सुरुवात भएको हो । नन्दीग्राम क्रान्तिकारी इतिहाससँग जोडिएको छ । त्यसैले बङ्गालको निर्वाचनमा यस पटक नन्दीग्रामतर्फ सबैको ध्यान केन्द्रित बनेको छ । सन २००६-०७मा तत्कालीन पश्चिम बङ्गालका मुख्यमन्त्री बुद्धदेव भट्टाचार्यले नन्दीग्राममा १० हजार बिगाहा जमिन इण्डोनेशियाको सलिम समूहलाई रासायनिक हब बनाउन दिने घोषणा गरे । यस निर्णयको त्यहाँका जनताले कडा बिरोध गर्‍यो । स्थानीय बासिन्दा आफ्नो निजी जमिन त्याग्न तयार थिएनन् । तर, मुख्यमन्त्री भट्टाचार्यले त्यस निर्णयबाट पछि हटेनन्, अन्ततः बल प्रयोग गरेर जमिन अधिग्रहण गर्न आदेश दिए । त्यसपछि शुभेन्दु अधिकारीले स्थानीय जनतासँग मिलेर आन्दोलन शुरु गरे ।

२००७ मार्च १४देखि त्यहाँ सुरक्षाकर्मी र स्थानीय बिचमा हिंसात्मक झडप शुरु भयो । हिंसात्मक झडपको क्रममा १४ जनाले ज्यान गुमाए । त्यही बेला ममता बनर्जीले शुभेन्दु अधिकारीसँग मिलेर नन्दीग्रामको मुद्दा समातिन् र आफैँले सुरक्षाकर्मीको ब्यारेकेटहरू पार गर्दै नन्दीग्राम पुगे । त्यहाँ उनले मा, माटी र मानुषको नारा दिएर आन्दोलनमा होमिए । यो नारा आन्दोलनभर राम्रोसँग चल्यो । रातो झन्डाका साथ बाँच्ने र मर्ने कसम खाने मानिसहरू पनि उनको नाराको साथ उभिए र आन्दोलन सफल भयो । त्यही आन्दोलनको नेतृ गरेकी ममता बङ्गालको सत्ता पुग्न सफल भयो ।

**नन्दीग्राममा शुभेन्दुसँग चुनाव लड्दै मुख्यमन्त्री ममता**

सन् २००७मा नन्दीग्राममा किसान आन्दोलन चर्किएको थियो । त्यस आन्दोलनको नेतृत्व शुभेन्दु अधिकारी र ममता बनर्जीले गरेका थिए । बनर्जी तृणमुल काँग्रेसको नेतृ हुन् भने अधिकारीले बनर्जीको दाहिने हात बनेर पार्टीलाई अघि बढाए ।

सन् २०११ र २०१६मा बनर्जी कोलकताको भवानीपुर२०१६को विधानसभा चुनावमा बनर्जीको तृणमुल

(बाँकी अन्तिम पृष्ठमा)

## वनका सचिवमाथि दुर्व्यवहार

**दमक, चैत्र १२।** सतासीधाम सामुदायिक बनका सचिव इन्द्र सापकोटामाथि झापाको झिलझिलेमा दुर्व्यवहार भएको छ । सार्वजनिक स्थानमा दुर्व्यवहार गरेको आरोपमा प्रहरीले शिवसताक्षी-८का धनबहादुर राईलाई नियन्त्रणमा लिएको छ ।

झिलझिले बजारको पुरानो सब्जी लाइनमा ६४ वर्षीय सापकोटामाथि स्थानीय चौतारी बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष समेत रहेका राईले नशाका सुरुमा दुर्व्यवहार गरेको सामुदायिक बनका अध्यक्ष हेमबहादुर थापाले बताए ।

सामुदायिक वनको सल्लाहकार समितिको गठनका विषयमा राईले अध्यक्ष थापालाई जिज्ञासा राखेका थिए । अध्यक्ष थापाले आफू दुई साता अघि मात्र निर्वाचित भएर पदबहाली गरेको भन्दै सामुदायिक वनको बिधानमा भएको व्यवस्था आफूलाई जानकारी नभएको बताएका थिए ।

राई र म बीच बादबिवाद भएकै बेलामा सचिव सापकोटा आइपुगेपछि सचिवमाथि खनिएको अध्यक्ष थापाले बताए । उनले बस भन्दै सचिव सापकोटालाई तानेको र उनी सवार मोटरसाइकलको चावी खोसेको आफूले प्रत्यक्ष देखेको अध्यक्ष थापाले बताए ।

आरोपित राईमाथि कानूनी कार्वाहीका लागि २ वटा निवेदन इलाका प्रहरी कार्यालय झिलझिलेमा आएको प्रहरी निरीक्षक ध्रुवनारायण श्रेष्ठले बताए ।

यता पीडित सापकोटाले राईले आफूमाथि

(बाँकी अन्तिम पृष्ठमा)

## रक्सी सेवन गरी जाइलाग्ने सात प्रहरी कारवाहीमा

**झापा, चैत १३।** मादक पदार्थ सेवन गरी स्थानीयसँग जाइलाग्ने सात जना प्रहरी कारवाहीमा परेका छन् ।

इलाका प्रहरी कार्यालय अनारमनीले त्यस्तो कार्यमा संलग्न सात प्रहरीलाई कारवाही गरेको हो । बिर्तामोडस्थित बीएण्डसी अस्पताल नजिकै एक होटलमा मादक पदार्थ सेवन गरेर होहल्ला गर्दै स्थानीयसंग जाइलाग्ने प्रहरीलाई कारवाही गरिएको बताइएको छ ।

उता इलाका प्रहरी कार्यालय घैलाडुब्बाका प्रहरी इन्चार्ज समेत कारवाहीमा परेका छन् । वाह्रदशी गाउँपालिकाको राजगढ बजारस्थित एक होटलबाट प्रहरी नायव निरीक्षक अशोक कोइरालालाई नियन्त्रणमा लिएर इप्रका अनारमनीमा ल्याइएको हो । उनलाई आन्तरिक कारवाही गरिएको बताइएको छ। उनी कारवाहीमा परेसँगै उनको ठाउँमा भूवन कार्कीलाई पठाइएको छ ।

## प्रदेश १को मन्त्रिपरिषद् विस्तार



**झापा, चैत १३।** प्रदेश १का मुख्यमन्त्री शेरधन राईले शुक्रबार मन्त्रिपरिषद् विस्तार गरेका छन् ।

संकटमा परेको बेला आफ्नो पक्षलाई साथ दिएकाहरूलाई समेटेर राईले मन्त्रिपरिषद् विस्तार गरेका हुन् ।

मुख्यमन्त्री राईले टंक आङ्बोहाङ, उषाकला राई, राम राना, अम्बिरबाबु गुरुङ, कला घले र राजकुमार ओझालाई मन्त्री र राज्यमन्त्री बनाएका छन् । आङ्बोहाङलाई आर्थिक मामिला तथा योजना, राईलाई सामाजिक विकास, रानालाई भूमि व्यवस्था तथा सहकारी राज्यमन्त्रीको जिम्मेवारी दिइएको छ ।

यस्तै, गुरुङलाई भौतिक पूर्वाधार राज्यमन्त्री, घलेलाई कृषि राज्यमन्त्री र ओझालाई वन तथा वातावरण राज्यमन्त्रीको जिम्मेवारी दिइएको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले

(बाँकी अन्तिम पृष्ठमा)

## तक्षशिलाको लक्ष्य 'गुणस्तरीय शिक्षा'

**बिर्तामोड, चैत १३।** झापाको बिर्तामोडमा विश्वस्तरीय शिक्षा प्रदान गर्ने उद्घोषका साथ स्थापना भएको तक्षशिला एजुकेशन फाउण्डेशन (सनसाइन किण्डर हाउस) को १४औं बार्षिकोत्सव तथा होलीमिलन कार्यक्रम सम्पन्न भएको छ ।

कोभिड-१९को संक्रमणको जोखिम तथा स्थानीय प्रशासनको सूचनालाई समेत ध्यानमा राखी आवश्यक सुरक्षा मापदण्ड अपनाएर विद्यालयले जिल्लाका प्रतिष्ठित व्यक्तित्व तथा अभिभावकलाई छुट्टाछुट्टै समय तालिका अनुसार विद्यालयमा उपस्थित गराएर कार्यक्रम सम्पन्न गरेको हो । विद्यालयले साँस्कृतिक कार्यक्रमसहित १४औं बार्षिकोत्सव र होलीमिलन कार्यक्रम गरेको हो ।

बिर्तामोड-६ घण्टीबारीस्थित दुई बिगाह क्षेत्रफलमा २० करोड रुपैयाँभन्दा बढीको लागतमा स्थापना भएको बिद्यालयमा विद्यार्थीहरुका लागि ओलम्पिक मिनी स्वीमिङ पुल, फुटवल ग्राउण्ड, वास्केटबल ग्राउण्ड, साइन्स ल्याव, कम्प्युटर ल्याव, आर्ट रुम सञ्चालनमा रहेको फाउण्डेशनका अध्यक्ष





दीपक गिरीले बताए ।

विद्यालयमा सार्वजनिक पुस्तकालय सञ्चालनमा रहेको र उक्त पुस्तकालय अन्य विद्यालयका विद्यार्थीहरुका लागि समेत खुल्ला गर्ने निर्णय गरिएको उनले बताए ।

बिद्यालयकी प्रिन्सिपल तथा निर्देशक श्रद्धा गिरी बोहोराले सानैदेखिको बिद्यालय सञ्चालन गर्ने सपना रहेको बताउँदै आवश्यक प्राविधिक ज्ञानसहित शान्त वातारणमा बिद्यार्थीको चाहना अनुसारको गुणस्तरीय शिक्षा बिद्यालयमा दिइने बताइन् । विद्यालयमा अत्याधुनिक सुविधासम्पन्न ल्याबहरु रहेकाले प्रविधिमैत्री शिक्षा विद्यार्थीले तक्षशिलामा प्राप्त गर्ने उनले बताइन् ।

तक्षशिलाले विद्यार्थीको स्वास्थ्यलाई प्रमुख प्राथमिकता दिएर उनीहरुलाई सिक्ने वातावरण सृजना गरी खेल्दै र रमाउँदै तालिम प्राप्त दक्ष शिक्षकहरुले सिकाउने वातावरण वनाएको उनले वताइन् । विद्यालयले विश्वस्तरको गुणस्तरीय शिक्षा प्रदान गर्ने बताउँदै उनले अध्ययनका लागि काठमाडौं, भारत र अन्य देशमा जानुनपर्ने जानकारी दिइन् ।

त्यस्तै फाउण्डेशनका अध्यक्ष दीपक गिरीले बिद्यालयले कक्षा १२ सम्मको स्वीकृति लिइसकेको बताउँदै हाल कक्षा-७सम्म अध्यापन भइरहेको जानकारी दिए ।

हरेक बर्ष कक्षा 'अपग्रेड' गरी १२ कक्षासम्मको पठनपाठन गराइने बताउँदै उनले कक्षा-७ सम्मको अध्यापन भइरहेको बिद्यालयमा दुई सय २२ जना बिद्यार्थी अध्ययनरत् रहेको अध्यक्ष गिरीले बताए ।

फाउण्डेशनका संस्थापक पूजा गिरीले स्वागत गरेको कार्यक्रममा बिद्यालयका निर्देशकहरु मनिष गिरी, अंकित गिरीसहित अभिभावक, बिद्यार्थी, शिक्षा क्षेत्रका विशिष्ट व्यक्तित्वहरुलगायतको सहभागिता रहेको थियो ।

कार्यक्रममा विद्यार्थीले विविध मनोरञ्जनात्मक सांस्कृतिक प्रस्तुति दिएका थिए ।

बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर, अष्टाङ्ग आयुर्वेद फार्मेसी

पायल्स, प्यारालाइसिस, हाडजोर्नी साथै अन्य सबै रोगहरुको आयुर्वेदिक औषधि, क्षारसूत्र, कपिङमसाज, पञ्चकर्म, फिजियोथेरापीबाट उपचार हुने पूर्वकै गुणस्तरीय, विश्वासिलो र भरपर्दो उपचार केन्द्र **बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर** (अस्टाङ्ग आयुर्वेद फार्मेसी, बिर्तामोड, झापा)

सम्पर्क : ९८०६०००३१३/०२३-५९०१६६

कर्मचारी आवश्यकता

यस कम्पनीलाई निम्न अनुसारका कर्मचारी आवश्यक परेकोले इच्छुकले तु-सम्पर्क गर्नुहोला ।

पदः कम्प्युटर अपरेटरः १०-२० जना

योग्यताः कम्प्युटर चलाउन दक्ष, अंग्रेजी, बोल्न र लेख्न सक्ने

तलबः १८,०००देखि २०,०००सम्म

सम्पर्कः हान हाई इन्टरनेशनल ट्रेड कम्पनी लि., बिर्तामोड, भद्रपुररोड उर्वसी चौक

मो. ९७४२५४७५२५, ९८१७०९८७८८

# वायु प्रदूषणले हवाई सेवा अवरुद्ध

**झापा, चैत १३ ।** नेपालमा हावाको प्रदूषण स्वास्थ्यका लागि हानिकारक अवस्थामा पुगेको छ ।

वायु प्रदूषणका कारण अन्तर्राष्ट्रिय विमानस्थल तीन घण्टा बन्द भयो । हावाको प्रदूषण मापन सूचक (एक्यूआई) दुई सयभन्दामाथि जानु स्वास्थ्यका लागि घातक मानिनेमा अहिले काठमाडौंका भक्तपुर, कीर्तिपुर, भैँसेपाटीलगायतका ठाउँमा भएका प्रदूषण मापन केन्द्रहरूले एक्यूआई दुई सयभन्दा बढी देखाएका छन् ।

काठमाण्डौ उपत्यकासहित देशका धेरै ठाउँमा हावाको प्रदूषण बढेको वातावरण विभागका प्रवक्ता इन्दुविक्रम जोशीले जानकारी दिए । अहिले सिमराको एक्यूआई दुई सय ६० पुगेको छ । प्रि-मनसुनको समयमा औसतभन्दा निकै कम पानी पर्नु तथा डढेलो र औद्योगिक गतिविधिका कारण वायु प्रदूषण बढेको प्रवक्ता जोशीले बताए ।

उनका अनुसार केही दिनयता काठमाडौं, भक्तपुर, ललितपुरसहित हेटौँडा, विराटनगर, सिमरा, जनकपुर, धनगढीलगायतका ठाउँमा हावाको प्रदूषण बढेको छ । शुक्रवार उपत्यकामा बाक्लो तुवाँलो पनि देखिएकोले समस्या थपिएको भन्दै जोशीले सकभर घरबाट बाहिर ननिस्कन आग्रह गरे । शनिवार र आइतवार सार्वजनिक बिदा रहेकाले वायु प्रदूषण केही घट्ने अपेक्षा गरेको र आइतबारसम्म नघटेमा वायु प्रदूषणबारेको चेतावनीसहित विज्ञप्ति निकाल्ने उनले बताए ।

यद्यपि तत्काल पानी पर्ने सम्भावना भने नरहेको मौसम पूर्वानुमान महाशाखाका मौसमविद् राजु प्रधानाङ्गले बताए । तराईसहित विभिन्न ठाउँका जङ्गलमा लागेको डढेलोको धुँवा हावामा मिसिँदा वायु प्रदूषण बढेको उनले बताए । काठमाडौं कचौरा आकारको भएकाले हावा बाहिर बहने ठाउँ नभएकाले धुम्मिएको उनको भनाइ छ ।

यसैबीच काठमाडौंको आकाशमा तुवाँलो लागेर भिजिविलिटी कम भएपछि हवाई उडान प्रभावित भएको छ । भिजिविलिटी कम भएपछि आन्तरिक र बाह्य दुवैतर्फको उडान प्रभावित भएको विमानस्थल कार्यालयले जनाएको छ ।

काठमाडौंको आकाशको भिजिविलिटी १ हजार मिटर रहेको छ । १५ सय मिटरभन्दा कम भिजिविलिटी भएमा हवाई उडान प्रभावित हुन्छ । कतिपय विमान आकाशमै होल्ड भएका छन् । मौसम सुध्रने अवस्था नभएपछि कतिपय जहाज डाइभर्ट गरिएको छ ।

राजधानी उपत्यकामा सुक्खा धुलो मिश्रित हावाका कारण तुवाँलो बढेपछि रोकिएको हवाइ उडान सुचारु भएको छ । करिब २ घण्टा ४५ मिनेट समय विमानस्थल पूर्णरूपले बन्द गरिएको नागरिक उड्डयन प्राधिकरणका प्रवक्ता राजकुमार क्षेत्रीले जानकारी दिए ।

भारतबाट उडेर आएको धुलोका कारण शुक्रबार उपत्यका धुम्म भएको छ । मानिसहरुले आँखा पोल्ने र घाँटी खस्खसाउने लगायतका समस्या महशुस गरेका छन् । भारतको राजस्थान, हरियाणा, पन्जावमा फैलिएको थार मरुभूमिबाट उडेर आएको धुलोको प्रभाव उपत्यकामा देखिएको जल तथा मौसम विज्ञान विभागका मौसमविद् सजिना शाक्यले जानकारी दिइन् ।

# बिद्यालय फोकल पर्सनलाई प्रशिक्षण

**बिर्तामोड, चैत १३ ।** बिर्तामोड नगरपालिकालाई बालमैत्री नगर घोषणा अभियान अन्तर्गत नगर भित्रका बिद्यालयका फोकल पर्सनलाई एक दिने प्रशिक्षण कार्यक्रम सम्पन्न भएको छ ।

बालबालिका तथा शिक्षा सञ्चार मञ्च नेपालको आयोजना र बिर्तामोड नगरपालिकाको समन्वयमा सम्पन्न प्रशिक्षण कार्यक्रममा नगरका सामुदायिक, संस्थागत र धार्मिक बिद्यालयका शिक्षक प्रतिनिधि 'फोकल पर्सन'हरुको सहभागिता रहेको थियो ।

प्रदेश १कै पहिलो बालमैत्री नगर भद्रपुर नगरपालिकाका बाल क्लब फोकल पर्सन दीपक पाण्डेले प्रशिक्षण दिएको कार्यक्रममा प्रशिक्षार्थीहरुले बिद्यालयमा बाल क्लब गठन गरिए तापनि प्रकृयाको बिषयमा अन्यौल अवस्थामा रहेको बताएका थिए । सोही क्रममा प्रशिक्षण दिँदै प्रशिक्षक पाण्डेले बालमैत्री बिद्यालय हुनलाई चाहिने सूचकहरु र आवश्यक बिषयमा प्रष्ट पारेका थिए ।

प्रशिक्षण कार्यक्रमले बाल क्लब गठन र यसका कार्यबिधिको बिषयमा प्रष्ट भएको उल्लेख गर्दै फोकल पर्सनहरुले महत्वपूर्ण जिम्मेवारी पाएको बताए । उनीहरुले नगरको बिधान अनुसार अघि बढ्न प्रेरित भएको उल्लेख गरे । बालबालिका तथा शिक्षा सञ्चार मञ्चसँग समन्वय गर्ने प्रतिबद्धता ब्यक्त गर्दै प्रशिक्षार्थीहरुले बालबालिकाको क्षेत्रमा कटिबद्ध भएर काम गर्ने बताए ।

बालबालिका तथा शिक्षा सञ्चार मञ्च नेपालका संयोजक सरोज पौडेलको अध्यक्षतामा सम्पन्न कार्यक्रममा सदस्य प्रकाश पौडेलले स्वागत र सुष्मा त्रिखत्रीले सञ्चालन गरेका थिए ।

# १५ युवालाई निःशुल्क कम्प्युटर तालिम

**विर्तामोड, चैत १३ ।** युवालाई प्रविधिमा जोड्दै स्वरोजगार बनाउने उद्देश्यले राष्ट्रिय युवा परिषद् नेपाल जिल्ला युवा समिति झापाले बिर्तामोड एजुकेशन फाउण्डेसनसँगको सहकार्यमा १५ जना युवालाई निःशुल्क कम्प्युटर तालिम शुरु गरेको छ ।




सरकारले ७७ वटै जिल्लामा युवा परिषद् अध्यक्ष तोकेपछि झापाको नेतृत्व सम्हालेका अध्यक्ष मदन बुढाथोकीले युवालाई स्वरोजगार बनाउँदै आत्मनिर्भर बनाउने उद्देश्यले कम्प्युटर तालिमको आयोजना गरेको बताए । युवाहरुलाई आफ्नै देशमा केही गरौं भन्ने भाव जगाउँदै आत्मनिर्भर बनाउने उद्देश्यले तालिमको आयोजना गरिएको हो । युवापुस्ता बेरोजगार भएमा देशको विकास तथा आर्थिक विकासमा असर पर्ने भएकाले यवा परिषद्ले अब हरेक क्षेत्रमा युवा लक्षित कार्यक्रम अघि बढाउने अध्यक्ष बुढाथोकीको भनाइ छ ।

शुक्रबारबाट शुरु भएको कम्प्युटर तालिमको शुभारम्भ कार्यक्रममा बोल्दै प्रदेश संसाद एकराज कार्कीले युवा लक्षित कार्यक्रमका लागि राष्ट्रिय युवा परिषद् नेपाल जिल्ला युवा समिति झापालाई सहयोग गर्ने प्रतिबद्धता जनाए । उनले युवामा उद्यमशिलताको विकासका लागि आफूले सक्ने सहयोग गर्दै सामाजिक काममा युवाहरुलाई प्रोत्साहन गर्ने बताए ।

कार्यक्रममा बिर्तामोड-३का अध्यक्ष एवम् कांग्रेस बिर्तामोड नगर सभापति भोजराज सिटौलाले राष्ट्रिय युवा परिषद् नेपाल जिल्ला युवा समिति झापासँग आफु सहकार्य गर्न तयार रहेको बताए । प्रविधि बिना अब केही गर्न नसकिने भएकाले कम्प्युटर तालिमको आयोजना गरेर युवा परिषद्ले उत्कृष्ट कार्य गरेको बताए । उनले अब प्रविधि बिना कुनै सिप काम नलाग्ने भएकाले युवाहरुलाई निःशुल्क भनेर हल्का रुपमा नलिन आग्रह गरे ।

एमाले बिर्तामोड नगर कमिटी अध्यक्ष उमानाथ ओलीले युवा लक्षित कार्यक्रम गरेर नवनियुक्त अध्यक्षले राम्रो कामको सुरुवात गरेको भन्दै बुढाथोकीको प्रशंसा गरे । प्रविधिको विषयमा जानकार नभएसम्म केही गर्न नसकिने भन्दै उनले अब हरेक युवाहरु प्रविधिमा दक्ष हुनुपर्नेमा जोड दिए । कार्यक्रममा इक्यान झापाका अध्यक्ष सुमन शर्मा जम्मरकट्टेलले युवा परिषद्ले युवा लक्षित कामको सुरुवात गरेको भन्दै अब हरेक युवायुवतीहरु स्वरोजगार भएमात्रै देशको विकासले गतिलिने बताए ।

सिपको विकास भएमा बेरोजगार हुनु नपर्ने भन्दै उनले निःशुल्क तालिम भनेर खेलाची नसम्झन आग्रह गरे । राष्ट्रिय युवा परिषद् नेपाल जिल्ला युवा समिति झापाको लक्ष्य र उद्देश्यमाथि निवर्तमान अध्यक्ष छवि चुडालले प्रकाश पारेको कार्यक्रममा बिर्तामोड एजुकेशन फाउण्डेशनका प्रमुख राज कार्कीले स्वागत गर्दै सामाजिक उत्तरदायित्व अन्तर्गत आफूहरुले निःशुल्क कम्प्युटर तालिमको आयोजना गरेको उल्लेख गरे । कार्यक्रमको सञ्चालन सामाजिक अभियन्ता दीपक दासले गरेका थिए । तालिम तीन महिनासम्म सञ्चालन हुने बताइएको छ ।

# सबै होटललाई खाद्य स्वच्छता कायम राख्न निर्देशन

**झापा, चैत १३ ।** झापामा सञ्चालित होटलहरुमध्ये अतिउत्तम होटलको संख्या न्यून रहेको पाइएको छ ।

पछिल्लो समय झापामा फाइवस्टारसम्मका होटल सञ्चालनमा आए पनि होटलहरुको अनुगमन गर्दा अतिउत्तम होटलको संख्या न्यून रहेको पाइएको हो । खाद्य प्रबिधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय भद्रपुरले होटल अनुगमन गर्दै खाद्य स्वच्छता स्तरीकरणको लोगो वितरण गर्ने क्रममा यस्तो पाइएको हो । जिल्लामा सञ्चालित २० वटा ठूला होटलको अनुगमन गर्दा बिर्तामोडस्थित सिद्धार्थ होटल ग्रान्डसिटी प्रालिले मात्रै तीन तारा अंकित हरियो रंगको स्टिकर प्राप्त गरेको खाद्य अनुसन्धान अधिकृत भरतबहादुर पुरीले जानकारी दिए ।

अनुगमनका क्रममा कार्यालयले होटलको स्तरीकरण गर्दै सरकारले तोकेका मापदण्ड पूरा गर्ने होटललाई 'क' अतिउत्तम 'ख' उत्तम र, 'ग' सन्तोषजनक र 'घ' सामान्य प्रमाणित गर्दै स्टीकर टाँसिएको थियो । होटल तथा रेष्टुराँ अनुगमन गर्दा अतिउत्तम भए तीन तारा अंकित अतिउत्तम लेखिएको हरियो स्टीकर/लोगो प्रदान गर्ने गरिन्छ । त्यस्तै २ तारा अंकित 'ख' उत्तम लेखिएको हरियो स्टीकर लोगो प्राप्त गर्ने होटलहरुमा होटल होलिडे होम प्रालि बिर्तामोड र हाइप नेपाल हस्पिटालिटी बिर्तामोड रहेका छन् । खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय झापाले यी दुई होटललाई मापदण्डका आधारमा उत्तम होटलको स्टीकर प्रदान गरेको छ । कलकत्ता मिष्ठान्न भण्डार, होटल डेनियल



प्रालि, होटल हिकोला हेरिटेज प्रालिलाई अनुगमनका क्रममा सन्तोषजनकको स्टीकर प्रदान गरिएको छ । उनीहरुले एक तारा अंकित ग लेखिएको हरियो स्टीकर पाएका छन् ।

त्यस्तै तमु होटल बिर्तामोडलाई भने पहेँलो रंगको स्टीकर टाँस गर्दै खाद्य स्वच्छतामा ध्यान दिन निर्देशन दिइएको छ । यो होटलमा 'घ' सामान्य लेखिएको पहेंलो रंगको स्टीकर टाँस गरिएको छ ।

अनुगमनका क्रममा सामान्य मापदण्ड समेत पूरा नगरेका होटत तथा रेष्टुराँलाई एकपटकलाई सुध्रने मौका दिएको र अर्को पटक खाद्य वस्तुमा स्वच्छता कायम नगरी विक्री गरेको पाइएमा कारवाही गर्ने चेतावनी दिइएको खाद्य निरीक्षक पुरीले बताए ।

खाद्य स्वच्छताको आधारमा होटल रेष्टुराँ स्तरीकरण सम्वन्धि निर्देशिका २०७४ अनुसार झापाका होटल अनुगमन गर्दै खाद्यवस्तुमा स्वच्छता कायम गरी सर्वसाधारण उपभोक्ताको स्वास्थ्य तथा सुविधा कायम राख्न भनिएको छ । होटल तथा रेष्टुराँ सञ्चालन गर्दा खाद्य व्यवसायीले न्यूनतम् पूरा गर्नुपर्ने नियमका विषयमा समेत जानकारी गराइएको थियो ।

बिर्तामोडस्थित सिद्धार्थ होटल ग्राण्डसिटी प्रालिमा आयोजित कार्यक्रमको उद्घाटन बिर्तामोड नगरपालिका प्रमुख ध्रुव कुमार शिवाकोटीले गरेका थिए । सो होटल अति उत्तम पाइएकाले अतिउत्तम लेखिएको स्टीकर नगर प्रमुख शिवाकोटीले टाँस गरेका थिए ।

अनुगमनका क्रममा होटल व्यवसायी इन्दिरा श्रेष्ठसहित होटल व्यवसायीहरु समेत सहभागी थिए । त्यसक्रममा होटल तथा रेष्टुराँले पालना गर्नुपर्ने नियमका विषयमा जानकारी दिँदै खाद्य निरीक्षक पुरीले होटल तथा रेष्टुराँ सम्बन्धित निकायमा अनिवार्य दर्ता गर्नुपर्ने, खाडल खनी नाली तथा चर्पीबाट बग्ने सबै फोहोर पानीलाई ढल निकासको व्यवस्थित प्रणालीमा जडान गर्नुपर्ने, खाने तेल एउटा खाद्य पदार्थ पकाई सकेपछि अर्को खाद्य पदार्थ पकाउँदा बदल्नुपर्ने, सम्पूर्ण उपकरणहरु सफा, ठीक तथा काम लाग्ने अवस्थामा हुनुपर्ने, खानेकुरालाई खानेकुराको भित्री भाग कम्तीमा ७५ डिग्री सेल्सियस तापक्रम पुग्ने गरी राम्ररी पकाउनुपर्ने लगायतका विषयमा जानकारी दिएका थिए ।

## पूर्वीनाकामा ...

अर्धसरकारी र सामुदायिक संघ संस्था र राजनीतिक पार्टीहरुबीचमा विगतमा भएका सहकार्यलाई उन्नत र व्यवस्थित बनाउने, राति ९ बजेपछि कुनै पनि व्यवसाय सञ्चालन गर्न नपाउने, स्वास्थ्य सुरक्षा मापदण्ड पालना नगर्ने, मास्क नलगाउनेलाई संक्रमण रोग ऐन बमोजिम कारवाही गर्ने वा कारवाहीका लागि सिफारिस गर्ने, सीमा नाकालाई व्यवस्थित गर्न स्थानीय प्रशासनलाई अनुरोध गर्ने र सीमानाका वारिपारि गर्न निरुत्साहित गर्नेलगायतका निर्णय गरेको प्रेस संयोजक उप्रेतीले जानकारी दिए ।

मास्क, सेनिटाइजर, सामाजिक दूरी लगायत स्वास्थ्य सुरक्षा सम्बन्धि मापदण्ड कडाइका साथ लागू गर्ने समेत समितिको बैठकले निर्णय गरेको छ । वैठकमा उपप्रमुख मीना पोखरेल उप्रेती, समितिका सदस्यहरु नवीन बराल, कृष्ण कनाल टीकाराम मंग्रान्ती, मेचीनगर नगरपालिका प्रमुख प्रशासकीय अधिकृत खेमराज ओझा, वरिष्ठ प्रशासकीय अधिकृत अनन्तप्रकाश वस्तीलगायतको सहभागिता रहेको थियो ।

## सार्वजनिक ...

पराजुलीले जानकारी दिए । उनका अनुसार छलफलमा सार्वजनिक यातायात क्षेत्रमा स्वास्थ्य मापदण्डलाई कडाइका साथ पालना गराउने निर्णयसमेत भएको छ ।

सार्वजनिक यातायातमा भौतिक दूरीलाई व्यवस्थित गर्ने, बसपार्कमा साबुनपानीले हात धुने व्यवस्था मिलाउने, अनुगमनलाई प्रभावकारी बनाउनेलगायतका निर्णय भएको बताइएको छ । कोरोना भाइरस सङ्क्रमणको दोस्रो लहर आउनसक्ने सम्भावना देखिएपछि जिल्ला प्रशासन कार्यालयले सोको रोकथाम तथा नियन्त्रणका लागि विभिन्न निकायसँग छलफल गरिरहेको छ ।

## प्रदेश १को ...

जानकारी दिएको छ । नवनियुक्त मन्त्रीहरूलाई प्रदेश प्रमुख सोमनाथ अधिकारी 'प्यासी'ले शपथ गराएका छन् ।

यसैबीच मन्त्री परिषद् विस्तारप्रति असन्तुष्टि जनाउँदै आन्तरिक मामिला तथा कानून मन्त्री हिक्मत कार्की शपथ ग्रहण समारोहमा उपस्थित नभएको स्रोतले जनाएको छ ।

## वनका ...

कुटपिट समेत गरेको बताएका छन् । 'उनी मातेका थिए । मातेका मानिससँग विवाद गर्नु बेकार भन्दै म मोटरसाइकल लिएर हिँड्न खोज्दा कठालोमा समातेर मोटरसाइकलको चावी खोस्दै ममाथि कुटपिट गरे'- उनले भने- 'कुटपिटका कारण कानमा समस्या आएपछि बिर्तामोडको वीएण्डसी अस्पतालमा म उपचार गराउँदै छु ।'

सामुदायिक बनले पनि सचिब माथि कुटपिट भएको भन्दै राईलाई कुटपिट र दुर्व्यवहार सम्बन्धीको कसुरमा कार्वाही गर्न माग गरेको छ । यो कसुरमा पीडकलाई तीन वर्ष कैद वा ३० हजार जरिवाना वा दुवै सजाय हुन सक्ने व्यवस्था रहेको छ ।

## पश्चिम ...

कांग्रेसले एक लाख ३४ हजार ६२३ मत ल्याएको थियो । सिपीएम ५३ हजार ३९३ र भाजपा १० हजार ७१३ मत ल्याएका थिए । २०१९को लोकसभा चुनावमा १ लाख ३० हजार ५९, भाजपा ६२ हजार २६८ र सिपीएम ९ हजार ३५३ मत ल्याएका थिए । पछिल्लो दुई वटा निर्वाचनको मत परिणाम केलाउँदा नन्दीग्राममा भाजपाको मत बढ्ने क्रममा छ । यता अधिकारीले चुनावी सभामा भाषण गर्दै दाबी गरेका छन् कि यस पटकको विधानसभा चुनावमा ममता बनर्जीलाई ५० हजार मतान्तरले हराउँछु । नन्दीग्राम दोस्रो चरण अर्थात् अप्रिल १ तारिखमा मतदान हुने छ ।

**दार्जीलिङ, कालिम्पोङ र खर्साङको चुनावी माहौल पनि तात्यो**

पश्चिम बङ्गालमा विधानसभा निर्वाचनमा २९४ सिटमध्ये ममता बनर्जीको तृणमुल कांग्रेसले २९१ सिटमा मात्र उम्मेदवार उठाएको छ । नेपाली भाषीको बाहुल्य रहेको पहाडी जिल्ला दार्जीलिङ, कालिम्पोङ र खर्साङ गरी तीन निर्वाचन क्षेत्रमा बनर्जीको तृणमुल काँग्रेसले आफ्नो उम्मेदवार उठाएन । तर, भारतीय जनता पार्टी (भाजपा) ले तीन जना नेपाल भाषीलाई उम्मेदवार बनाएको छ ।

गोजमुमोमा आबद्ध खेमाले छुट्टाछुट्टै उम्मेदवार घोषणा गरेसँगै पहाडी जिल्लामा यसपटकको विधानसभा चुनाव रोचक हुने भएको छ । विधानसभा चुनावमा १३ विकास बोर्डका प्रतिनिधिहरूले बिनय नेतृत्वको उम्मेदवारहरूलाई समर्थन गर्ने घोषणा गरेका छन् । त्यस्तै तामाङ युवा संघले पनि विधानसभा चुनावमा तामाङ नेतृत्वको उम्मेदवारहरूलाई सहयोग गर्ने घोषणा गरेका छन् । यसअघिको विधान सभा चुनावमा 'गोर्खाल्याण्ड' मुद्दा उठाएर भोट माग्न उम्मेदवार घरघर पुग्थे । तर, गोर्खाल्याण्ड' मुद्दाको विषयमा कसैले समर्थन नगरेपछि त्यहाँका जनता निराश छन् । अब यसपटक त्यहाँका जनताले कुन खेमाका उम्मेदवारलाई जिताउने हुन्, त्यो मत परिणामले बताउने छ । आठौं चरणमा सम्पन्न हुने विधानसभा निर्वाचन यी निर्वाचन क्षेत्रमा पाँचौं चरण अर्थात् अप्रिल १७ तारिख हुनेछ ।


## सहकारी एकीकरण गर्ने बारेको सूचना

संस्था श्री स्वरोजगार भवानी बचत तथा ऋण सहकारी संस्था लि. बिर्तामोड न.पा.-०५, झापा र भव कृषि सहकारी संस्था लि. इलाम न.पा.-०८ इलामबीच एकापसमा एकीकरण गरी एकीकृत रुपमा सञ्चालन गर्ने निर्णय भएको हुनाले सम्पूर्ण सदस्यहरुलाई सूचना प्रकाशित मितीबाट ७ दिनभित्र आफ्ना दावी विरोध र गुनासो भएमा सम्बन्धित सहकारीको कार्यालयमा जानकारी गराउनु हुन सविनय अनुरोध गरिन्छ ।

**केशब बस्नेत : अध्यक्ष**
श्री स्वरोजगार भवानी बचत तथा ऋण सहकारी संस्था लि.
बिर्तामोड (०२३-५४१८५६)

**नरेन्द्रनाथ भट्टराई : अध्यक्ष**
भव कृषि सहकारी संस्था लि., इलाम
(९८५२६८०३५५)

## कर्मचारी आवश्यकता

बिर्तामोडस्थित एक होटलका लागि निम्न कर्मचारी तु-आवश्यकता ।
कुक : २ जना हेल्पर : २ जना
डिस वासर : १ जना
सम्पर्क: ९८१४०१५१०४, ९८१६०५८४३८, ०२३-५४५४५७

## वितरक चाहियो

लक्ष्मीपुर-पञ्चकन्या हुँदै बिर्तामोड प्रोभिडेन्स कलेजबाट अन्धुवा पुल हुँदै महेन्द्र शोरुमसँग, कृषिथोक हुँदै शनिश्चरे लाइन, पाथीभरा टोल-३ नम्बरसम्मका लागि वितरकको आवश्यकता भएकोले इच्छुकले सम्पर्क गर्नुहोला ।
नोटः साइकल भएको १ जना, पाँच हजार सेलरी ।
**सम्पर्क: ९८१६६४१५७३, ९८०१४०४०००**

## श्री अर्जुनधारा माध्यमिक विद्यालय

अर्जुनधारा-४, भाङ्गबारी, झापा
विद्यालय कोर्ड ०२००४००१२

## दरखास्त आव्हान गरिएको सम्बन्धी सूचना

यस विद्यालयलाई उपलबध भएको शिक्षण सहयोग मावि तह अनुदान कोटामा शिक्षक पदपूर्ति गर्नुपर्ने भएको हुँदा शिक्षक छनौट समितिको मिति २०७७।१२।१२ गते बसेको बैठकको निर्णय अनुसार योग्यता पुगेका नेपाली नागरिकहरुबाट तपशिल अनुसारको रितपूर्वक दरखास्त आव्हान गरिएको छ ।

**तपशिल**

| क्र.सं. | विज्ञापन | विषय | तह, श्रेणी र प्रकार | रिक्त पद संख्या | कै. |
|---|---|---|---|---|---|
| १ | ०२/२०७७।०७८ | गणित | शिक्षण सहयोग अनुदान (मा.वि. तह) | १ (एक) | |

१) **तलब स्केलः** नेपाल सरकारले तोके बमोजिम साथै शिक्षण सहयोग अनुदान रकम निरन्तर प्राप्त भएमा करार अवधि थप हुनेछ ।
२) **शैक्षिक योग्यताः** मान्यता प्राप्त शैक्षिक संस्थाबाट सम्बन्धित विषयमा स्नातक वा सो सरहको परीक्षाउत्तीर्ण गरेको र मावि अध्ययन अनुमति प्राप्त गरेको ।
३) **आवेदन साथ पेश गर्नुपर्ने कागजातहरुः** शैक्षिक योग्यताको प्रमाणपत्रका प्रतिलिपिहरु (चारित्रिक/लब्धाक/ग्रेडसिट/ट्रान्सकिप्ट), अध्ययन अनुमतिपत्रको प्रतिलिपि, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि १/१ थान र पासोर्ट साइजको फोटो २ प्रति
४) **उमेर र योग्यताः** १८ बर्ष पूरा भई ४० बर्ष ननाघेको तथा प्रचलित कानून बमोजिम अयोग्य नभएको ।
५) **आवेदन दस्तुरः** रु. १५००।- (अक्षरेपी रु. एक हजार पाँच सय मात्र)
६) **आवेदन दिने स्थानः** श्री अर्जुनधारा माध्यमिक विद्यालयको कार्यालय
७) **पाठ्यक्रमः** शिक्षक सेवा आयोगले निर्धारण गरे बमोजिम
८) **दरखास्त दिने मितिः**
क) करार सूचीमा नामावली भएकाहरुको हकमा मिति २०७७।१२।१३ गतेदेखि २०७७।१२।२७ गतेसम्म (१५ दिन विद्यालय समयसम्म)
ख) उक्त करार सूचीको उम्मेदवारले दरखास्त पेश नगरेमा खुला मिति २०७७।१२।२९ गतेदेखि मिति २०७८।०१।०४ गतेसम्म (७ दिन) यदि सो दिन सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट विद्यालय खुलेको समयसम्म ।
९) **परीक्षाको प्रकारः** लिखित, अन्तरवार्ता र आवश्यकता अनुसार प्रयोगात्मक समेत ।
१०) **सम्पर्क मिति र नम्बरः** मिति २०७८।०१।०६ गते (९८४२६४०१५०, ९८६२६०३२३७, ९८१६९६२१२२, ९८४२६७४४४३, ९८१४९६९१९१)
११) **परीक्षा मितिः** सम्पर्क मितिको दिन तोकिनेछ ।

**सीता भट्टराईः** निमित्त प्रधानाध्यापक

## बिर्ता (सेफ्टी तथा ढल सफाई)

बिर्तामोड, झापा



(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)
पूर्वाञ्चलकै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ ।
भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680
सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस ।

समृद्धि बचत तथा ऋण सहकारी संस्था लि. भद्रपुर-५ र सनसाईन बचत तथा ऋण सहकारी संस्था लि. भद्रपुर-१० बीच

## संस्था एकीकरण गरिएकोबारे शेयर सदस्यज्यूहरुलाई जानकारी

समृद्धि बचत तथा ऋण सहकारी संस्था लि., भद्रपुर-५ र सनसाइन बचत तथा ऋण सहकारी संस्था लि., भद्रपुर-१० बीच सहकारी ऐन, नियमावली तथा सहकारी एकीकरण सम्बन्धी कार्यविधिको अधिनमा रही दुबै संस्थाको साधारणसभाको निर्णयानुसार सहकारी एकीकरण सम्पन्न भएको सम्पूर्ण शेयर सदस्यज्यूहरुमा जानकारी गराउन चाहन्छौं । एकीकृत संस्था अब समृद्धि सनसाईन बचत तथा ऋण सहकारी संस्था लि. को नामबाट सञ्चालन हुनेछ भने संस्थाको मुख्य कार्यालय भद्रपुर १० लेखनाथ चौकमा रहनेछ । नेपाल सरकारले सहकारी संस्थाहरुबीच एकीकरण अभियानलाई प्राथमिकता दिइरहेको अवस्थामा हामीले एकापसमा गाभिएर ठूलो एकीकृत कारोबार गर्दा शेयर सदस्यज्यूहरुलाई सबैभन्दा बढी लाभ पुग्ने कुरामा विश्वास लिएका छौं । आगामी दिनहरुमा सम्पूर्ण शेयर सदस्यज्यूहरुको हितमा कार्य गर्ने मूख्य अठोट लिएको समेत जानकारी गराउन चाहन्छौं ।

शेयर सदस्यहरुले दिनुभएको म्यान्डेट, निरन्तरको संस्था प्रतिको विश्वास, आवद्धता, सहयोग र सहकार्यका कारण भद्रपुर नगर क्षेत्रमा स्थापना हुने साकोसहरु मध्ये समृद्धि सनसाईन साकोस सबैभन्दा ठूलो संस्था भएको पनि सगर्ब खुशी साट्न चाहन्छौं । सम्पूर्ण शेयर सदस्य ज्यूहरु, एकीकरण पश्चात मिति २०७७ चैत्र १ गतेबाट संयुक्त कारोबार समेत प्रारम्भ भएको जानकारी गराउन चाहन्छौं । एकीकरण अघि दुबै साकोसका सञ्चालक समिति, लेखा समिति, ऋण उपसमिति, शिक्षा उपसमिति, सेवा केन्द्र समिति, सल्लाहकार समिति, लगायतका समितिका मित्रहरु सबैलाई तथा संस्थाका सम्पूर्ण कर्मचारीहरुलाई यहाँहरुले पुर्‍याउनुभएको योगदानको संस्थाले सदैब उच्च सम्मान गर्नेछ ।

**अध्यक्ष**
**समृद्धि सनसाईन साकोस, भद्रपुर-१० झापा**


श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ उपसम्पादक : तुलसीप्रसाद निरौला ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१)
■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८४२६९६११२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com

## कविता

### राजनीति


चित्रदेव कट्टेल

सुनेकोभन्दा पढेको अर्कै भोगेको पक्का हो
राज्नीति भन्या जन्तालाई लोप्पा नेतालाई छक्का हो ।
चुनावका बेला त्यै नेता बन्छ पग्लेको मइन
राज्नीति भन्या लाटालाई ऐन बाठालाई चइन ॥

सिद्धान्त बोकी जीवन् भर् कुद्ने म जस्तै आलू हो
राज्नीति भन्या काम गर्ने कालु खाने चाहीँ भालु हो
ठूलाले साना भरिया बनाई आजीवन दलने
राज्नीति भन्या युद्ध पो रै'छ निरन्तर चलने

विद्वान गर्छन् नीतिको युद्ध मुर्ख चैं बलको
बल र बुद्धि नहुने गर्छन् पैसा र छलको
देशको माया गर्ने चैं कठै झन् तल गिर्दैछन् ।
चाकडी गर्ने चाप्लुसी गर्ने दर्बार छिर्दैछन् ॥

*बिर्तामोड, झापा*

### होली


सोमनाथ दाहाल

यस्तो उस्तो हरपल अझै हुन्न हाम्रो अतीत
हुन्छौं साँच्ची मिलजुल गरे हर्ष हामी प्रतीत ।
सारा खेलौं सरल जनले दुःख हाम्रो भुलेर
आयो होली रमझम गरौं पर्व सारा मिलेर ॥

रातो कालो जब सब दले रङ्ग देख्दा कलाको
रङ्गीचङ्गी सब-सब भए मूर्ति जस्तै भलाको ।
जम्मा गर्दै वरपर सुधा शक्ति जम्मा गरेर
आयो होली रमझम गरौं पर्व सारा मिलेर ॥

तीतो मीठो तरल गुणका खान सक्ने अवस्था
कोही राम्रा विचलन भए रै'छ मात्ने व्यवस्था ।
नाचौं खेलौं खलबल गरी सङ्ग साथी झुलेर
आयो होली रमझम गरौं पर्व सारा मिलेर ।

मान्छे धेरै परम गुणका रङ्ग रङ्गी-विरङ्गी
आए सक्ने नियम किन हो घीन लाग्यो फिरङ्गी ।
स्वाहा हाम्रो बियर रमले पर्व सारा झुलेर
आयो होली रमझम गरौं पर्व सारा मिलेर ।

मौका आयो भनिकन युवा सव्य बाहेक सोच्ने
चेलीबेटी मुख वचनको वाण केही नरोक्ने
केके गर्छौं भन भन युवा दुष्ट कालो घसेर
आयो होली रमझम गरौं पर्व सारा मिलेर ॥

*लेटाङ्ग- २ मोरङ*

### मन पाक्छ

अभावमा मन
साउनको झरी परेर
उघ्रिएको आकाश
यदाकदा बादलका चोक्टा
डाँडाका थुम्का-थुम्कामा
अल्मलिएर अडिएको बेला
धमिलिएर खोला, नदीनाला
सुसाउँदै-सुसाउँदै बग्छन् ।
आकाश छ्याङ भए पनि
बारीमा सेताम्मे भएका
मकैका बोटहरू हावामा हल्लिएर
पातहरु बज्दा पनि
मन बहकिँदो रहेछ ।
तल-तल खोला किनारमा
तौली धान पाकेर पहेँलपुर हुँदा
अनुहार चाउरी परेकी
बूढी हजुरआमा घरको पेटीमा
खेस्टाको पिरामाथि बसेर
झपक्क नुहेका धानका बालाहरूतिर
हेर्दै भन्छिन्–
हुनेको खोला खेतमा धान पाक्छ ।
नहुनेको मन पाक्छ ।

**– जेबी खत्री**

### गजल

आफ्नो सम्झी तिमीलाई माया गरे कसो हुन्छ
चोखो दिल्को मेरो माया लिई सरे कसो हुन्छ !

जीवनमा तिमीलाई धोका होइन साथ दिन्छु
तिमी सामु विश्वासको चिनो ल्याए कसो हुन्छ !

संघर्षको सपनीमा देख्छु सधैं तिमीलाई
दुनियासामु तिमीसँग माया गाँसे कसो हुन्छ !

विश्वासमा माया हुन्छ हामी दुईको साथ मात्र
माया गर्न अरू आए सम्झी टारे कसो हुन्छ !

अपार छ हाम्रो माया सफल पक्कै हुन्छ अब
सिन्दुर पोते लाएपछि खोला तरे कसो हुन्छ ?

**– कमलप्रसाद बाँस्कोटा (कमल)**
*घैलाडुब्बा, झापा*

# फेरि हरिराम पुरेतको दग्धीले वाक्क पार्न थाल्यो !


हाँस्य-व्यंग्य

**व्यंग्यनारान पाँडे**

गत विश्वकर्मा पूजाकै हाराहारी गौंथलीको बाऊ नामक झापा सदरमुकामतिरको एउटा अनौठो मनुवा मर्दा एक किसिमले खल्लो लाग्नु स्वाभाविक थियो तापनि उनले केही वर्षयता दिइआएका दग्धीबाट उनको मृत्युले मलाई मिलेको मुक्ति मेरा लागि उत्तिकै सुखद् पनि थियो । गौंथलीको बाऊ मेरा हकमा भालूको कन्पट झैं थिए– किन कुरो लुकाउनु ! तर, लगभग छ महिनादेखि न्यानो रहेका मेरा कान उनै गौंथलीका बाऊले 'मेरा मुख्य एस्सिटेन कम्रेट' भनेर परिचय गराएका हरिराम भन्ने मान्छेको दग्धीले घाइते बनाउन थालेको छ । गौंथलीको बाऊ झैं काटीकुटी उही व्यहोरा-उही शैलीमा हरिराम मेरा घरमा बेला-कुबेला आइरहने, चाहिने-नचाहिने बकमफुसे हावादारी कुरा गरेर गिदी गिजोल्ने, भालुभुत्ते हाँक उछालेर बेचैन तुल्याउने, कुकुरलाई झैं गाली गर्दै लखेटे पनि झन भोलिपल्टै थेत्तर अनुहार लिएर आउने, झर्को मान्यो भने अनेकानेक बखेडा झिकेर गाउँ-टोल नै थर्काएर बद्नाम गर्दै हिंड्ने इत्यादि-इत्यादि अप्ठ्यारो ममा फेरि थुरिन थालेको छ ! ....

आज बिहान म, कोरोनाले पीडित भई दुब्लाएको भए पनि हिम्मतसाथ छापिएर वितरणमा आइरहेको **पूर्वाञ्चल** पत्रिका गर्वसाथ पढ्दैथें । 'गर्वसाथ' के मानेमा भने कोरोनाको महामारी आउनुभन्दा अघि जस्तो हुलका हुल स्थानीय पत्रिकामध्ये अधिकांश कोरोनासँग हारे पनि **पूर्वाञ्चल**ले आफूलाई साहसपूर्वक समरमा उतारेकै छ भन्ने मेरो मनले प्राथमिकतामा उतारिरहेको थियो ।....

कताबाट हो कुन्नि, उनै सबैले हरिराम पुरोहित बाजे भनेर चिन्ने गरेका जन्मजातका कटुवाल छेत्री, उनै हरिराम एकाएक टुप्लुक्क देखा परे । उनका खुट्टा ठेगानामा नटेकिएर हुनसक्छ, रुखको लाछिएर बोक्राले मात्र अड्काइराखेको हाँगो हावाले हल्लाए झैं, उनको शरीर हल्लिरहेको थियो । उनी मेरो नजिक आएपछि प्रस्ट देखियो– उनले टाउकाको टोपी कतै खसेको थाहा पाएछन् र लामो टुप्पी तत्रङ्ग पछाडि लत्रिएको थियो भने कमिजका टाँक सबै ल्याङफ्याङ खुलेकाले सेतो भुत्ले छातीमा भिरेको कहिल्यै नधोएको कालो-मैलो जनै लठारिएको र आँखा चिम्सा-फुस्रा, अनुहारको फुङ उडेको, ओठका किनारमा पहेंलो र्‍याल पग्रिरहेको थियो ।

बोल्न प्रारम्भ गर्दै, लाटिएको जिब्रोले छिन्किन मुश्किल परिरहेको भान हुने बोलीमा उनले भने– "गुटमर्नी हए पँडिजी, भेरीभेरी चाइनेकेरे गुटमर्नी ।.... हुन्ता तपइँ माधौ नेपाल खलकका होउ कि पर्चन्न-झल्नात खँदाल पच्छेका अथैबा बाउराम भट्राइकै खलकका नै किन नहोउ, म केप्पी ओली गुँडको सिन्यारले नै मेरो इजोत-पेस्टिचको क्यारलेसै नगरी गुटमर्नी भन्दैछु । तपइँ हामेरका पच्छेमा आका छउ-छइनउ पस्ट छ्यानबीन नगरी मैले तपइँलाई फ्यास्स गुटमर्नी भन्न अइबाधन नगर्नुपर्ने हो । लेकिन छ्यानबीन गर्दा हामेरका पच्छेका होइनउ भने कारबाइमा पर्ने र पच्छेका होउ भने कुनै न कुनै आयोकको अदच्छेको नोकरी पाउने तपइँले हो । मलाई त लुतो न कन्याइ-तेस्यामालाने ।.... मैले त आफूले पाको पाटीको रेस्पन्सेबिलिटिकनको जिम्मावारी कर्तब्बेता पूरा गरेको मात्रै न हो केरे, होइन्त ?"

उनले एकाएक कुराको भँगालो छुटाउँदै भने– "होमेरका उत्तिबेलासम्मनका हेट कम्रेट याचके मैदाली यानी कि गौंथलिया पिताजी शइत भएसि ह्वाँले बोकिराख्या अइभारा अउटोम्याटिक मैले मेरा काँधाँ अङभर गर्नुपर्‍या होल हिस्टोरी तपइँलाई उइल्यैदेखुन् था भकै हो । तेसो भएसि मैले एत्रो रा'नीतिकको पोल्टिस्यान भन्तब्बे चाइनेकेरे मेरा मुखाड बाचन गरिसक्ता नि नेपाली काङरेजका सब्से ठूला मउसुप शर्बादुर देउपा जइसै कि केइ फिस् कुरा भन्न सक्तौन ? कि मेरा व्याक्तित्तोका समच्छे तपइँको आँट नपुगेर बाक्के नफुट्या हँ ? नेपाली काङरेका सेकिन जिमिन्दार राम्चन्द्र पउडेल जइसो बोल्न किन नसक्या ? दुई सब्ध बोल न ।"

मलाई दिक्क लाग्यो । र चरक्क चर्केर भनें– "सबैले पण्डित-पुरोहित भनेपछि चिन्छन् तपाईंलाई भने तपाईं आफै चाहिँ किन यस्तो गतिछाडा भएको नि ? टुइँक्क मातेको छ, टुप्पो न फेदको कुरो गरेको छ, अर्थको न बर्थका धक्कु लाउँदै हिंडेको छ, छ्या ! आज त जाँड-रक्सी मात्र होइन भाङ खाएरै आए जस्तो एकोहोरो बर्बराइरहेका बेला मैले के बोल्नु ? यस्ता जँड्याहासँग बोलेर मुख किन ....."

मलाई उछिन्दै र तिघ्रा ठटाउँदै उनले भने– "के यत्राको भाङ खा'र आको जस्तो भन्छौं तपइँ ? 'भाङ खा'र आको' भनेका सब्धहरूमा 'जस्तो' सब्ध चइँ किन मिस्कट गर्‍या नि तपइँले ? रौसी खाएँ, तुङबा चुसें र दुर्भेस्यानी जेजेम्यान भेटेसि अलेली गाँजाका सर्का र भाङका मिठाइ पनि खासै हूँ, लु जा ! अैलेको हामेरको नेपालमा हामेरु-हामेरुले जे मुन लागो तेइ गर्छम्, अरूहरूले ननिको मानेरके नाप्छन् । अब हामेरको एस देशाँ हामेरु के खान्छम्-कति खान्छम्, हामेरले जम्मै माटै खा'र सतचुर्न पारे नि तपइँहरले हामेरको भुत्लो पनि हल्लाउन नसक्ने दिन आइराख्या छ, हेर्लाउ न । हामेरु कत्ति चाइनेकेरे पाओरतम् भका छम् भन्ने जान्न पर्तेक दिनका एकामर्निङदेखुन् एकानायटसम्म बोडकास हुने रेड्यो-एफेमहेरु, टिबीका च्यानिलहेरु सुन्नु-हेर्नु क्या । तीबड हामेरका नेताहरूका ठाढा अर्ति-उपदेश सुन्न-जान्न पाइँछ र सोतह रानीतिकको पोल्टिसमा अचार्ज पँडित भइँछ । तपइँ एति बान्की परेको गुण्डोजइसो चिटिक्क युबक मान्छे फिस्सु किन भइराख्या ? माथि क्यान्रमा माधौ नेपालहेरु पस्टिकर्णमा पर्‍या जइसेइ पस्टिकर्णको पुर्जी पढ्ने इन्टेस छ कि क्या हो ? अैले कस्तो ट्र्याम छ भन्ने कुराको क्यारलेस नगरेर बस्ता सप्पै चानस र अउसरको गेटाउटमा पर्लाउ र जानुपर्ला नि बइदेशी रोचकारी गरिखान साउदीतिर । एस्तो पोचो....."

मेरो कन्पारो झन तात्यो र उनलाई जित्तै भनें– "जानोस् तपाईं, मलाई तपाईंका कुरा सुनेर वाक् आउन आँट्यो....जानोस् भन्या ।"

उनले के टेर्थे । स्वरको भोलम झन बढाएर गौंथलीका बाऊ र कुनै सेवाराम नामक यादव इञ्जिनियर (जसले बिहारमा शादी गर्दा ससुरालीबाट इञ्जिनियरको सर्टिफिकेट दहेजमा प्राप्त गरेको कथा छ)-की फिफ्टी-फिफ्टी साझा रखौटी बिहारी रामदुलारी समेतको कुरो उठाउँदै अर्को धक्कु थपे ।

मलाई वास्तविकता बुझ्न मन र मुख समेत चिलायो र अलिक नरम भएर जिज्ञासा राखें– "कुन रामदुलारीको कुरो गर्‍या तपाईंले ? उही गौंथलीको बाऊकी स्वानी हूँ भनेर स्थानीय भाँड तत्वहरु खौरी हिंड्ने क्रममा नक्कली सर्टिफिकेट जागिर खाने इञ्जिनियर सेवारामकहाँ कायममुकायम इञ्जिनियरनी गरिरहेकी रामदुलारी ? त्यो अहिले तपाईंतिर सरुवा भएकी छ ?"

उनले आँखा तिखारेर आँगनतिर टोलाउँदै भने– "अनि आफ्ना हेट हाकिम मरेपछि र अन्तखेरी उन्काहकवाला फिल्हाल कोइ नभएसि हेट हाकिमले चलाइराख्या सेकिनहेन माल एस्सिटेनकै हुनु कुन बढी बात हो र । अैले रामदुलारी होल्ली परब मनाउन उनको आपन देश इण्डे बेहार दर्भङ्गा जिलाको ठाना पैंडापुर भइँसा टोला गइरछिन् र नत्र सँगै लेराउँथें । अब जइसो रानीतिक पर्सनालिटिकले एक्लैथोक्लै हिन्न उति मुनासिभ काँ हुन्छ र ! हामेरले नइतिक चलित्र सोच्छ-पइत्र राख्न पनि पर्छ नि । सर्खारी मान्छे एक्लै हिन्दा कोइ तेताउस्ता आइलाग्न पनि सक्छे र आफू थामिन-कन्टोल हुन नसकिने सम्भाओना पनि हुन्छ । रामदुलारी कम्रेटनी साथमा नारिएपछि सप्पै सम्भाओना आप्सेआप झ्वाम्म फिनिस्टिजान्छ । कुरो त्यसो हो ।"

मैले घिन मानेर नाक खुम्च्याएँ । बस्, केही भनिन ।.....

## कथा

# केटीको पछाडि हेर्न मन पराउने एडिक्ट !


भुवन तामाङ



बसमा सिट खाली नै छ । रोबर्ट साथी थेम्सलाई भन्छ- 'त्यहाँ सिट खाली छ हामी बसौं ।' थेम्स भन्छ- 'पर्दैन पर्दैन ।' छक्क पर्दै रोबर्ट सोध्छ, 'सिट खाली भैकन पनि उभिएरै यात्रा गर्नु त ?' थेम्स पुनः भन्छ- 'एकछिन पख्न अर्को सिट पनि खाली भैजाला अनि बसौंला ।' रोबर्ट सोध्छ- 'अर्को सिट र यो खाली सिटमा के अन्तर छ र ?' जवाफमा थेम्स भन्छ- 'छ निकै अन्तर छ ।' रोबर्ट जिद्दी गर्दै भन्छ- 'भन्न त त्यो अन्तर के हो ?' थेम्स भन्छ- 'समय आएपछि भनौला ।' रोबर्ट जिब्रो प्लात्त पारेर आश्चर्य व्यक्त गर्छ । थेम्स भन्छ- 'कुनै कुनै कुराको उत्तर तुरुन्तै पाइदैन क्या ।' अरु यात्रु छक्क पर्दै उनीहरुलाई हेर्छन् । बस कुदिरहन्छ ।

एकैलहरमा दुई सिट खाली हुन्छन् । अहिले चाहिँ थेम्स सिटमा बस्न राजी हुन्छ र उनीहरु सिटमा बस्छन्, तर रोबर्टको कौतुहल भने मेटिएन र सोध्छ- 'अघिको सिट बरु अगाडि थियो नि । तँलाई किन पछाडिको यही सिट मन परेको ?' थेम्स भन्छ- 'बसबाट उत्रेपछि उत्तर दिउँला ।' रोबर्ट चित्त खान्छ थेम्सको उत्तर सुनेर । बस रोकिन्छ र उनीहरु उत्रिन्छन् । ढिलो नगरी रोबर्ट सोधि हाल्छ थेम्सलाई- 'लु भन् त अघि बसमा किन पछिल्लो सिट रोजिस् ?' थेम्स हँसिलो अनुहार पार्दै भन्छ- 'ह्यात् त्यति पनि बुझिनस् ?' रोबर्ट सोध्छ- 'होइन के कुरा बुझिन र मैले ?' थेम्स भन्छ- 'हाम्रो सिटदेखि अगाडिको सिटमा केटीहरु थिए नि त ।' रोबर्ट सोध्छ, 'त के भो त ?' थेम्स भन्छ- 'यदि हामी केटीहरुको सिटभन्दा अगाडि बसेमा केटीहरुलाई हेर्न पाइदैनथ्यो । त्यसैले पछाडिबाट केटीहरुलाई धित् मरुन्ज्याल हेर्न पाइयो ।

त्यसैले केटीहरु भन्दा पछिल्लो सिट पर्खेको ।' रोबर्ट भन्छ- 'केटीहरु हेर्ने भए अगाडिबाटै हेर्ने नि के पछाडिबाट हेर्नु ?' थेम्स भन्छ- 'केटीहरुको पछाडिबाट जसरी र जतिबेर पनि हेर्न मिल्छ । उनीहरुको केश, हेयर प्याटर्न, रिबन या क्लीप, लुगा र लुगाको स्टाइल, उनीहरुको आँखा, मुखै हेर्न नपाए पनि गाला, कान र बान्की मजाले हेरेर आनन्द लिन पाइन्छ । यदि उनीहरुले जीउमा अत्तर छर्केका रछन् भने त अत्तरको बास्ना लिन नि पाइन्छ । उनीहरुको चालढाल र जीउ मर्काई आदि मजाले हेर्न पाइन्छ नि त । अब केटीहरुलाई अगाडिबाट लगातार हेरिरहेमा उनीहरुले लबटा हान्न बेर छैन । पछाडिबाट त बसबाट नउत्रिउन्जेल जति पनि हेर्न पाइयो नि ।' थेम्सको कुरा सुनेर रोबर्ट तीन छक्क पर्छ ।

संयोगवश कुनै अर्कोदिन रोबर्ट र थेम्स पुनः सँगै बसमा यात्रा गर्दछन् । यसपटक भने बसमा सिट खाली थिएन र उनीहरु उभिएरै यात्रा गर्न बाध्य हुन्छन् । रोबर्ट भन्छ- 'थेम्स हामी बसको अगाडि उभिऔं ।' थेम्स भन्छ- 'होइन बसको पछाडिको भागमा जाऔं ।' रोबर्ट सोध्छ, 'यहीं ठीक छ ।' थेम्स भन्छ- 'ह्यात् मैले भनेको मान्न यार ल पछाडि सरौं ।' उनीहरु बसको पछाडिको भागतिर जान्छन् । रोबर्ट आँखाको चालले नै थेम्सलाई सोध्छ, 'बसको पछिल्लो भागमा के छ ?' थेम्स पनि आँखाकै चालले, 'हाम्रो अगाडि केटीहरु छन्' भन्ने संकेत गर्छ । थेम्सको चाला देखेर रोबर्ट हैरान पर्छ ।

बसभित्र उभिएका सबै यात्रुहरु प्रायः अगाडि पट्टि नै फर्किएर यात्रा गर्दछन् । त्यसैले केटीहरुको पछाडि बसेर या उभिएर बसमा यात्रा गर्ने केटीहरुको पछाडिपट्टिबाट कसैले हेर्न चाहेमा शीरदेखि कुर्कुच्चासम्म हेर्न सक्छन् । केटीहरुको केश बिन्यास, रिबन, क्लीप, लुगा कपडाका बुटटा, कटी, कम्मर, स्लाक्स, लेगिज, स्याण्डल । जीउको रुपरंग बान्की र कटिङ्ग, गोरी, गहुँगोरी या काली, स्लीम या मोटी आदि हेरेर आनन्द लिन सक्छन् । थेम्स त्यस्तै आनन्द लिन्छ ।

अर्को कुनै दिन रोबर्ट र थेम्स सिनेमा हेर्न सँगै पुग्दछन् । सिनेमा हलभित्र पनि थेम्स केटीहरुको पछाडि बस्न खोज्छ । हुन त सिनेमा हलमा रो या सिट नम्बर अनुसार बस्नु पर्ने हुन्छ, तर थेम्स चलाकी अपनाएर भएपनि केटीहरुको पछाडि बस्छ । थेम्सको चाला देखेर रोबर्ट आश्चर्यमा पर्छ । सिनेमा छुटेपछि रोबर्ट थेम्सलाई सोधिहाल्छ- 'होइन थेम्स तँ त अँध्यारोमा पनि केटीहरुलाई पछाडिबाट किन हेर्छस् ?' थेम्स भन्छ- 'अँध्यारोमा कमसेकम केटीहरुको जीउ र शीरसम्मको हाउभाउ हेर्न सकिन्छ । सिनेमा शुरु हुनुभन्दा अघिसम्म त बत्ती बलेकै हुन्छ र सिनेमा शुरु भएपछि पर्दाको उज्यालोमा केटीहरु हेर्न मिल्छ । यो किसिमको दृष्यावलोकन अद्भूत हुन्छ क्या ।'

रोबर्ट भन्छ- 'यो त भएन नि यार ।' थेम्स भन्छ- 'कसैलाई हानी नोक्सानी नगरिकन हेर्नमा के खराबी छ र रोबर्ट ? तँ पनि मेरो तरिका अपनान । तैंले पनि आनन्द प्राप्त गर्न सक्छस् ।' रोबर्टको जिज्ञासामा थेम्स अझ थप्छ- 'यो तरीका बिजुली, पानीको पैसा तिर्ने लाइन, बैंकमा चेक साट्न या जम्मा गर्ने लाइन, कहीँ फाराम बुझाउँदाको लाइनमा उभिँदा, पार्टीमा खाना खाने लाईमा उभिँदा पनि काम आउँछ । यस्तोमा केटीहरुलाई अगाडि ठाउँ दिँदा उनीहरु खुशी पनि हुन्छन् । केटीहरुलाई खुशी तुल्याउनुमा निकै आनन्द आउँछ होइन त ?'

रोबर्ट लामो स्वास तान्दै भन्छ- 'तर यो गलत व्यबहार भयो ।' थेम्स भन्छ- 'के गलत भो र ?' रोबर्ट भन्छ- 'यो त ह्यारेस्मेन्ट गरेको भएन र ?' थेम्स भन्छ- 'थाहा नपाएपछि के को ह्यारेस्मेन्ट ? अनि त्यसरी पछाडिबाट हेर्दैमा के बिगार हुने हो र ?' रोबर्ट भन्छ- 'लुकेर हेर्नु झन् एक नम्बर ह्यारेस्मेन्ट हो है ।' थेम्स भन्छ- 'ह्यात् यस्तो कुरा नगर्न यार । संसारमा करोडौं युवा या पुरुषहरुले यसरी नै युवती या महिलाहरुलाई हेर्ने गर्दछन् । के ति युवा या लोग्ने मान्छेहरुलाई सम्झाएर सकिन्छ त ? फेरि केटीहरुले पनि त केटाहरुलाई त्यसरी नै हेर्दा हुन् ।' बीचैमा रोबर्ट भन्छ- 'केटीहरुको जिम्मा नलिन थेम्स तँ । केटाहरुको चाहिँ कुरा गर् । तेरो कुरा गर् । तेरो तरिका कहिँ कतै गलत हो जस्तो लाग्छ । एक पटक राम्ररी सोच् त ।' तर, थेम्स आफ्नै कुरा माथि पार्छ ।

यत्तिकैमा रोबर्ट भन्छ- 'यसरी लुकेर युवतीहरुलाई हेर्नु खराब काम हो । बरु अगाडिबाटै हेर्नु र लबटा खान परेपनि खानु । लुकेर हेर्नु या गतिविधि गर्नु त अपराध गरेको जस्तै हो ।' बीचैमा थेम्स भन्छ- 'दुनियामा धेरै कुरा पर्दा पछाडि नै हुने गर्दछन् तर केटीहरुलाई पछाडिबाट हेर्नु कसरी अपराध भयो र ?' रोबर्ट भन्छ- 'ल तँलाई सम्झाएर नसकिने रै' छ । तर, यत्ति चैं भन्छु त्यसरी युवतीहरुलाई पछाडिबाट हेर्नु एक प्रकारको एडिक्ट हुनु चाहिँ पक्कै हो ।' बीचैमा थेम्स भन्छ- 'यो चाहिँ तेरै परिभाषा होला जुन मैले आज पहिलो पटक सुन्दैछु ।' रोबर्ट आफ्नो थाप्लो हातले जोडले थपथपाउँदै लामो स्वास तान्छ र 'ओके सि यु बाई' भन्दै थेम्सबाट छुटिन्छ ।

थेम्स भन्छ- 'ए पख् न पख् ।' रोबर्ट सोध्छ, 'अब किन ?' थेम्स भन्छ- 'अरु केटाहरु या लोग्ने मान्छेहरुलाई पनि केटीहरुलाई पछाडिबाट नहेर भनेर सम्झाउने उपाय बताइस् भने म मेरो बानीमा सुधार ल्याउन सक्छु ।' रोबर्ट भन्छ- 'ए अँ तँ अब लाइनमा आइस् र यो निकै राम्रो कुरा भयो । यही कुरालाई एउटा कथाको रुपमा लेखौंला अनि पब्लिस् गरौंला र दुनियाले पढ्लान् । केटीहरुलाई पछाडिबाट हेर्नेहरुको व्यबहार परिवर्तन भै जाला ।' थेम्स भन्छ- 'ल आज गज्जब भयो ।' उनीहरु जोडले हाँस्तछन् मानौ उनीहरुले ठूलो उपलब्धि गरेका छन् ।

# १३ जना ज्येष्ठ नागरिक सम्मानित



**भद्रपुर, चैत १३।** सामुदायिक प्रहरी सेवाकेन्द्र चन्द्रगढी झापाले जिल्ला प्रहरी कार्यालय झापाका प्रहरी प्रमुख सानुराम भट्टराईसहित १३ जना ज्येष्ठ नागरिहलाई सम्मान गरेको छ ।

कार्यक्रममा एसपी भट्टराईसहित ६० बर्ष माथिका छ जना पुरुष र छ जना महिलालाई सम्मान गरिएको हो । केन्द्रका अध्यक्ष ज्ञानबहादुर चौहान लगायतले ज्येष्ठ पुरुषलाई ढाका टोपी र गलबन्धी र ज्येष्ठ महिलालाई साडी र मजेत्रो दिएर सम्मान गरिएको थियो ।

चौहानको अध्यक्षता तथा सचिव डम्बर वनको सञ्चालनमा सम्पन्न कार्यक्रममा एसपी भट्टराई, ज्येष्ठ नागरिक संघका धनप्रसाद शिवाकोटी, नगर कार्यपालिका सदस्य मित्रा भट्टराई, ट्राफिक प्रहरी कार्यालय चन्द्रगढीका प्रहरी नायव निरीक्षक कार्यालय प्रमुख जनक तिम्सिना, दुर्गाप्रसाद पाठक सामाजिक अभियान्ता भुमादेवी घिमिरे लगायतले शुभकामना मन्तव्य राखेका थिए ।

केन्द्रका उपाध्यक्ष बाबुराम कार्कीले स्वागत गरेको कार्यक्रममा नवदुर्गा टोल विकास समिति अध्यक्ष नरबहादुर गिरी, खड्गबहादुर बुढाथोकी लगायतको सहभागिता रहेको थियो ।

# महिलालाई प्रस्तावना तथा माइन्युट लेखन तालिम



**बिर्तामोड, चैत १३।** उन्नतीशील महिला समूह बिर्तामोड-५ को आयोजनामा पाँच दिवसिय प्रस्तावना तथा माइन्युट लेखन तालिम शुक्रबारबाट शुरु भएको छ ।

समूहकी अध्यक्ष उमा तिम्सिना मिश्रको अध्यक्षता तथा बिर्तामोड-५ का वडाध्यक्ष राजेन्द्रप्रसाद लिङ्देनको प्रमुख आतिथ्यमा भएको तालिममा समूहकी उपाध्यक्ष यसोदा कार्की बस्नेतले स्वागत गरेकी थिइन् ।

कार्यक्रममा बिर्तामोड-५ कार्यपालिका सदस्य भावना आचार्य घिमिरे, न्युटन्स टोल विकास संस्थाका अध्यक्ष लवकुमार चौधरी लगायतले शुभकामना मन्तव्य राखेका थिए ।

बिर्तामोड नगरपालिकाको आर्थिक सहयोगमा सञ्चालन भएको तालिममा समूहका ४० जनाभन्दा बढी महिलाको सहभागिता रहेको छ ।

तालिमको सहजीकरण पूर्वाञ्चल दैनिकका उपसम्पादक तुलसीप्रसाद निरौला र सञ्चारकर्मी स्वस्तिका आचार्यले गरिरहेका छन् । कार्यक्रमको सञ्चालन समूहकी सल्लाहकार अस्मिता खनालले गरेकी थिइन् ।


## पाथीभरा सिने प्लाजा बिर्तामोड अब खुल्ला

हिन्दी चलचित्र : MUMBAI SAGA

पहिलो शो ११:४५ ।
दोस्रो शो २:४५ ।
तेस्रो शो ६:३० ।

बुकिङ्ग गरेको टिकट एक घण्टापछि स्वतः क्यान्सिल हुनेछ ।
(फोन नं. ०२३-५४६४३६)




## विरामी वर्गलाई खुशीको खबर

अत्यन्तै सरल, सहज ढंगले क्षारसूत्र विधिले पायल्स, फिस्टुला, फिसर तथा यौवन कमजोरी लगायत दम, खोकी, पिनासको उपचार गरिन्छ । साथै जाडरक्सी थाहै नपाइ १००% छुटाइन्छ ।

**फाल्गुनन्द आयुर्वेद फार्मेसी**
शनिश्चरे रोड, शिखर बजार पछाडि, बिर्तामोड, झापा
मो. ९८४२६४३६१८/९८०४९९४८८०

## अर्जुनधारा यातायात प्रा.लि.द्वारा सञ्चालित आरमदायी यात्रा

बिर्तामोडबाट रवि विहान ९ बजे गाडी नम्बर १७७९ अनुप, ९८४२६९८२४८, ५४६ उत्तम ९८४२६७२८२४, चन्द्र ५२६- ९८६७९९३४९१ साथै समालटार, २:१५ बजे सानुबर्दू २:४५ बजे दैनिक सेवा उपलब्ध छ ।

अध्यक्षः गोपाल घिमिरे (९८४२६८४७५६),
बिर्तामोड काउन्टर सीताराम आचार्यः ९८४२६२३१५२


## भूमिसुधार कार्यालय भद्रपुर, झापाको
## मोही हकदावी सम्बन्धी सूचना

निम्न लिखित विवरण भएको जग्गाको जग्गाधनीबाट मोहीले उक्त जग्गा जोतभोग गर्न छाडेको/बेपत्ता भएकोले मोहीको लगतकट्टा गरिपाउँ भनी यस कार्यालयमा निवेदन पर्न आएकोले विशेष अदालत ऐन २०५९को दफा १०(९) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । यस उपर कुनै दावी विरोध भएमा यो सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र आवश्यक प्रमाणसहित यस कार्यालयमा निवेदन दिनुहोला । तोकिएको समय अवधिभित्र विरोध नभएमा भू.सू. ऐन २०२१ बमोजिम मोही लगत कट्टा भई जाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

| जग्गाधनीको विवरण | जग्गा ठेगाना | कि.नं. | क्षेत्रफल | मोहीको नाम, थर |
|---|---|---|---|---|
| भिम बहादुर जि.सी. | जुरोपानी-७ | १२९४ | ७४८२.३३ | इश्वर राज राजवंशी |
| भिम बहादुर जि.सी. | जुरोपानी-७ | ७३४ | १६६०.०० | वृजलाल राजवंशी |
| सुहानी ताती | कोरोबारी-५ | १३२३ | ०-२-१४ | जजो/गजो सतार |
| जंग बा. वि.क. | दमक-३ | १०९७० | ०-१-० | चतुरमान धिमाल |
| मान बहादुर वि.क. | दमक-३ | १०९७१ | ०-१६-० | चतुरमान धिमाल |
| वुध नारायण राजवंशी समेत | माहाभारा-१ | ६२० | ०-२-५ | जगदिश राजवंशी |
| वुध नारायण राजवंशी समेत | माहाभारा-१ | ६२५ | ०-१-५ | जनक ला राजवंशी |
| वुध नारायण राजवंशी समेत | माहाभारा-१ | ६२२ | ०-१-१७ | सर जंग /सरजुग राजवंशी |
| टेक बहादुर कार्की | बाहुनडाँगी-१ | ९ | ०-२-५ | पंख बाहादुर गुरुङ्ग |
| टेक बहादुर कार्की | बाहुनडाँगी-१ | ६ | ०-२-० | ज्ञान बाहादुर कार्की |
| कोष राज सुवेदी | माहाभारा-७ बैगुन्धुरा-५ | ३ | ६०३० | मणिराज उपाध्याय/मणिराज पाध्याय |


सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।

## झापा सेफ्टी ट्यांकी तथा ढल सफाई

बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५
९८०६०१०४१०
९८४२६३४६२७
०२३-५४६००५




दमक सम्पर्कः
देवी सिटौला
९८२४९७९१८५
९८४२७६०२६५
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।

## ताप्लेजुङ-पाथीभरा सफल यात्रा

बिर्तामोडबाट ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बु, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस् ।



ताप्लेजुङ पाथीभरा काउन्टर
मो. ९८०३२५०४७२/९८०१३६४०९३

## हाडजोर्नी तथा नसाका विरामीलाई सुवर्ण अवसर काठमाडौंका विशेषज्ञ बिर्तामोडमा

स्पार्क अस्पताल काठमाडौं तथा काठमाडौं न्यूरो अस्पतालका वरिष्ठ डाक्टर अनिलकुमार महतो यही चैत्र ५ गते बिहीबार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोडमा आउँदै हुनुहुन्छ । आफ्नो समस्या जाँच गराइ मौकाको फाइदा लिनुहोस् ।

**जाँच हुने समस्याहरु :**
- ढाड, कम्मर, गर्दन, घुँडा, जोर्नीहरु दुख्ने, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको
- शरीर झमझमाउने, लाटो हुने, कुम जाम भएको
- प्यारालाइसिस, मुख बाङ्गिएको

**समय :** बिहान ८:०० बजेदेखि ३:०० बजेसम्म

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५४०१२३, ९८५२६७५०३३)


## श्री चारआली बचत तथा ऋण सहकारी संस्था लि.

मेचीनगर-१३, चारआली
प्रदेश नं. १ झापाको

## कर्मचारी आवश्यकता सम्बन्धी सूचना

*प्रथम पटक प्रकाशित मिति: २०७७/१२/१३*

यस संस्थाको तपशिल बमोजिमका पदका लागि कर्मचारकिो आवशयकता भएको हुँदा योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट खुल्ला प्रतिष्पर्धाको लागि निवेदन आह्वान गरिन्छ ।

**विज्ञापन नं. १ (२०७७/०७८)**
**पद : सह-लेखापाल**
**संख्या : १ (एक)**
**सेवा सुविधा :** संस्थाको नियम अनुसार
**न्यूनतम शैक्षिक योग्यता :** व्यवस्थापन संकायमा +२ उत्तीर्ण
**वाञ्छनीय योग्यताः** कम्प्युटर सम्बन्धी-नेपाली-अंग्रेजी टाइपिङ र एक्सल सम्बन्धी ज्ञान भएको
**उमेर :** २० वर्ष पूरा भई ३५ वर्ष ननाघेको
**आवेदन शुल्क :** रु. २००।-

**विज्ञापन नं. २ (२०७७/०७८)**
**पद : बजार प्रतिनिधि**
**संख्या : १ (एक)**
**सेवा सुविधा :** संस्थाको नियमअनुसार
**कार्यक्षेत्र :** पूर्व धाइजन मख्खन मिल हुँदै मंगली र इलामरोडको धाइजन क्षेत्र हुँदै चारआली
**न्यून्तम शैक्षिक योग्यता :** एसईई वा सो सरह
**उमेर :** २० वर्ष पूरा भई ३५ वर्ष ननाघेको ।
**आवेदन शुल्क : रु. १००।-**

**अन्य बुँदाहरू :**
१) आवेदकहरुले सम्पूर्ण आवश्यक कागजातको प्रतिलिपि र व्यक्तिगत विवरण (Bio–Data)सहित हस्तलिखित निवेदन र संस्थाले तोकेको दरखास्त फराम भरी पेस गर्नुपर्नेछ ।
२) निवेदनका साथ हालसालै खिचेको २ प्रति पासपोर्ट साइजको फोटो उपलब्ध गराउनुपर्नेछ ।
३) आवेदनकको उमेरको हकमा आवेदन भर्ने अन्तिम मितिलाई आधार मानिने छ ।
४) परीक्षा प्रणाली विज्ञापन नं. १ : लिखित, प्रयोगात्मक र मौखिक
विज्ञापन नं. २ : मौखिक हुनेछ ।
५) सेवाको प्रकृति विज्ञापन नं. १ : करार, अस्थायी र स्थायी
विज्ञापन नं. २ : करार
६) आवेदन दर्ता गर्ने अन्तिम मिति २०७७ चैत २२ गते आइतबार ४ बजेसम्म हुनेछ र सोही दिन परीक्षा सम्बन्धी जानकारी गराइनेछ ।

**सम्पर्कः ०२३-४६०६१७,** email:charalicooperative68@gmail.com

## बिर्तामोड नगरपालिका

नगर कार्यपालिकाको कार्यालय
बिर्तामोड, झापा (प्रदेश नं. १, नेपाल)

## सूचना ! सूचना !! सूचना !!!

कोभिड-१९ संक्रमणको सम्भावनालाई मध्यनजर गरी DCCMC (District Covid-19 Crisis Management Center) झापाको मिति २०७७।१२।१० निर्णय बमोजिम तपशिल अनुसार गर्न गराउन हुन नगरवासीहरुमा बिर्तामोड नगरपालिका हार्दिक अनुरोध गर्दछ ।

**तपशिल**
१) कोभिड-१९ संक्रमणलाई मध्यनजर गर्दै नजिकिंदै गरेको फागू पूर्णिमा (होली पर्व)मा भीडभाड नगर्न नगराउनुहुन ।
२) कोभिड-१९ संक्रमणको अवस्था समेत विचार गरी रात्रिकालीन समयमा सञ्चालन हुने व्यवसायको सन्दर्भमा बेलुका ९ बजेसम्म मात्र भीडभाड नहुने व्यवस्था मिलाई स्वास्थ्य सुरक्षा मापदण्डको पालना गरी व्यवसाय सञ्चालन गर्न गराउनुहुन ।
३) स्वास्थ्य सुरक्षा मापदण्डको पालना गरी भीडभाडमा जाँदा मास्कको अनिवार्य प्रयोग गर्नुहुन ।

**गणेशप्रसाद दाहाल : प्रमुख प्रशासकीय अधिकृत**


## आकर्षक फ्ल्याट भाडामा

बिर्तामोड शनिश्चरे रोडस्थित ३ **कोठामा एटेच बाथरुम, पार्टी हल, किचन,** लेण्डलाइन टेलिफोन, फिल्टर जडित खानेपानी, कम्पाउण्डवाल, पार्किङको सुविधासहित अफिस, सहकारी, मेडिकल ल्याव, रेष्टुरेण्ट, लज, कन्सल्टेन्सी, मेनपावर एजेन्सीहरुको लागि उपयुक्त फ्ल्याट भाडामा रहेको हुँदा इच्छुकले तु-सम्पर्क गर्नुहोला ।
**मो. ९८६३६०५२९२/९८०४९५९९२७**

## सुरक्षागार्ड चाहियो

पूर्व नेपाल प्रहरी तथा नेपाली सेनामा काम गरी अवकाश प्राप्त केही सुरक्षा गार्डहरु चाहिएको हुँदा काम गर्न इच्छुक व्यक्तिले तु-सम्पर्क राख्नुहोला ।
**लेखापाल : १ जना**
**योग्यता : +२ पास (अनुभवी)**
**सेक्टरवान सेक्यूरिटी सर्भिस**
बिर्तामोड, झापा
**फोन सम्पर्क :**
(९८२४९८२२९६, ९८५२६४१७४०, ९८१७९२६३२२)

## साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस् ।




सम्पर्कः ९८१४९९३७१२, ९८२४९८११७४, ९८४२६७७८५५, ९८६२६४८२८२

## सुवर्ण अवसर ! सुवर्ण अवसर !!

CTEVT बाट सम्बन्धन प्राप्त तथा नेपाल सरकारबाट मान्यता प्राप्त यस सौन्दर्य ब्यूटिपार्लर एण्ड ट्रेनिङ सेन्टरमा रु. १५,०००।- मा ४५ दिने ब्यूटिसियन सम्बन्धी Level-1 (Basic Course) तथा CTEVT Exam सहितको तयारी कक्षा ब्यूटिसियन विज्ञ तथा Assessor बाट सञ्चालन मिति २०७७ साल चैत्र ९ गतेबाट शुरु हुँदैछ । यस अवसर अन्तर्गत (Basic Course) सिक्न र Level-1 को परीक्षा दिन चाहने इच्छुक ब्युटिसियनहरुले २०७७ चैत्र ७ गतेभित्र सीप परिक्षणको दरखास्त फाराम भर्नका लागि सम्पर्क राख्नुहोला । सिट सिमित छ ।

**सौन्दर्य ब्यूटिपार्लर एण्ड ट्रेनिङ सेन्टर,** बिर्तामोड, झापा
फोन : ९८०४९४७२७५, ९८१४९८३२७३

## Kontrakt Courier Trans Air Courier

A Complite Solution For Courier & Logistics Service Domestic & International Courier Cargo Service.
**Branch Office**
Bhadrapur Road, Sanima Bank opposite Birtamode, jhapa (**ph: 023-536735**)

## कर्मचारी आवश्यकता

बिर्तामोडस्थित एक उद्योगको लागि मार्केटिङ्ग सम्बन्धी ज्ञान भएका १० कक्षा उत्तीर्ण केही कर्मचारी आवश्यक भएको हुँदा इच्छुकले तु-सम्पर्क गर्नुहोला ।
**तलब : आपसी समझदारीमा**
**सम्पर्क : ९८१६०५२६५५**
*नोटः महिलालाई विशेष प्राथमिकता दिइनेछ ।*

## सेफ्टी ट्याङ्की तथा ढल सफाई

अत्याधुनिक ट्र्वो (Trabo) प्रविधि सिस्टमको ठूलो ट्याकीबाट सस्तोमा दुगर्न्धरहित हजुरहरुको सेफ्टी ट्यांकी सरसफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।
'चट्ट फोन झट्ट सेवा'




सम्पर्कः ०२३-५५०६२०
९८४२६५५७००, ९८०४९३८१००, ९८०७९३०७४०, ९८१७९२९३९४


# श्रद्धाञ्जलि/कृतज्ञता/निमन्त्रणा



**जन्मः** २०२६ जेठ २३

**धामगमन :** २०७७ चैत ०३

## स्व. देवीमाया तिम्सिना

हाम्री घरकी लक्ष्मी/मेरी पत्नी/हाम्री ममतामयी माता/भाउजु तथा हजुरआमा **देवीमाया तिम्सिना**को यही मिति २०७७ साल चैत ३ गते मंगलबारका दिन ५१ वर्षको अल्पायुमै असामयिक बैकुण्ठबास भएको हुँदा हामी स्तब्ध एवम् मर्माहत भएका छौं । दुःखको यस घडीमा उहाँको आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जलि अर्पण गर्दछौं ।

यस दुःखद् घडीको पीडादायी क्षणमा हामीप्रति सहानुभूति, समवेदना र सहयोग प्रदान गर्नुहुने सम्पूर्ण आफन्तजन, इष्टमित्र, छरछिमेक, मलामीजन, संघ-संस्था, शुभेच्छुक, शुभचिन्तक, कूल कुटुम्व, वन्धुवान्धव प्रति हार्दिक धन्यवादसहित कृतज्ञता ज्ञापन गर्दछौं ।

साथै यही मिति २०७७ साल चैत १४ गते शनिबारका दिन गरिने शुद्धिशान्ति कार्यका दिन उपस्थित भई पितृप्रसाद ग्रहण गरी हामीलाई शुद्ध तुल्याई दिनु हुन सम्पूर्ण आफन्तजन, इष्टमित्र, छरछिमेक, मलामीजन, शुभेच्छुक, शुभचिन्तक, कूलकुटुम्व, बन्धुवान्धवहरूप्रति हार्दिक निमन्त्रणा गर्दछौं ।

**सासुआमा : नरमाया तिम्सिना**
**पति : विष्णुप्रसाद तिम्सिना**

छोरा-बुहारी :
**दिपेन्द्र-अनिता तिम्सिना**
**घनश्याम-पुष्प तिम्सिना**
**मुकेश तिम्सिना**

देवर-देवरानी :
**विनोद-पद्मा तिम्सिना**
**ध्रुव तिम्सिना**

भतिज-भतिजी :
**प्रियंका तिम्सिना**
**प्रज्ज्वल तिम्सिना**

नाति-नातिनीहरु :
**अनिरुद्ध तिम्सिना**
**अनुराधा तिम्सिना**

एवम् **समस्त तिम्सिना परिवार,** बिर्तामोड-१, अतिथि सदन टोल



ज्यो. मधुसूदन रिजाल
(स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -**
स्वास्थ्य कमजोर रहनाले सोचेको उपलब्धि तत्क[redacted] नपाइएला । विवादास्पद जिम्मेवारी वहन गर्नुपर्ने [redacted] सक्छ ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -**
कामको चाप बढ्नेछ भने शरीरमा समेत कमजोरी[redacted] अनुभूति हुनेछ । अर्थ अभावले पनि मन पिरोलिन [redacted]

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -**
अधुरा काममा पहिलेकै समस्या दोहोरिन सक्छन्[redacted] उपलब्धिका लागि केही समय प्रतिक्षा गर्नुपर्ला । [redacted] मेहनतले स्थितिमा सकारात्मक परिवर्तन ल्याउने[redacted]

[redacted]ट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -
[redacted]तिना काम र घरेलु समस्यामा अल्झनुपर्ला । स्वास्थ्य-[redacted]रमा खर्च बढ्नेछ । रोकिएका काममा दोहोऱ्याएर [redacted] गर्नुपर्ला ।

[redacted](मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -
[redacted]न्तकहरूले केही आशा जगाउनेछन् । समस्या [redacted]दा सहयोगीहरूले साथ दिनेछन् र आंशिक सफलता [redacted]छ ।

[redacted] (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -
[redacted]ो समयमा काम नबन्न सक्छ । आफ्ना सूचना [redacted]ने समय रहेकाले गोपनीयतामा ध्यान पुऱ्याउनुहोला ।

**तुला (र, रि, रु, रे, रो, ता, ति, तु, ते) -**
मनोरञ्जनमा अलमलिँदा लक्ष्यमा बाधा पुग्न सक्छ । परिस्थिति अनुकूल रहे पनि भौतिक सुविधाले खर्च निम्त्याउन सक्छ ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -**
रमाइलो क्षणमा पनि मन खिन्न रहनेछ । केही अप्ठ्यारा परिस्थिति आउनाले सोचेको लाभ नमिल्न सक्छ ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -**
निम्तो प्राप्त भए पनि आतिथ्य खर्चिलो बन्नेछ । तापनि मेहनतले मौका अवश्यै दिलाउनेछ । व्यापारमा धेरै फाइदा नभए पनि सामान्य लाभ मिल्नेछ ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -**
अवसरका लागि केही विवादास्पद जिम्मेवारी वहन गर्नुपर्ला । समयमा लगनशील बन्न नसक्ता प्रतिस्पर्धीहरूले फाइदा उठाउन सक्छन् ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -**
कामको चाप बढ्नेछ भने वादविवादले मन खिन्न तुल्याउनेछ । प्रतिस्पर्धामा उत्रनुपरे पनि बुद्धिको उपयोगले प्रतिष्ठा जोगाउन सफल भइनेछ ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -**
इर्ष्या गर्नेहरूबाट सजग रहनुहोला । हिम्मत गर्दा अप्ठ्यारो स्थितिमा काम सम्पादन हुनेछ । दाजुभाइको सहयोग मिल्ला ।